# काठमाडौं जिल्लामा बालअधिकारको अवस्था


नेपाल सरकार

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

केन्द्रीय बालकल्याण समिति

**जिल्ला बालकल्याण समिति, काठमाडौं**

# काठमाडौं जिल्लामा बालअधिकारको अवस्था

नेपाल सरकार
महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
केन्द्रीय बालकल्याण समिति

**जिल्ला बालकल्याण समिति, काठमाडौं**

**नेपाल सरकार**
**महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय**
**केन्द्रीय बालकल्याण समिति**
**जिल्ला बालकल्याण समिति, काठमाडौं**

**प्रकाशन सालः** २०७४
**सर्वाधिकारः** जिल्ला बालकल्याण समिति, काठमाडौं
**प्रकाशन सहयोगः** केन्द्रीय बालकल्याण समिति

**सम्पादन सल्लाहकार**
अनिता अधिकारी, जिल्ला बाल कल्याण अधिकारी

**तथ्यांक विश्लेषण, लेखन, सम्पादन**
रवि गौतम, बाल अधिकार श्रोत व्यक्ति

**सम्पादन सहयोग**
लोचन रेग्मी, केन्द्रीय बाल कल्याण समिति
सृजना खड्का, केन्द्रीय बाल कल्याण समिति

# मन्तब्य

मुलुकको भविष्य त्यहाँका बालबालिकाको स्थिति वर्तमानमा कस्तो छ भन्ने तथ्यले प्रक्षेपण गर्न सकिन्छ । आजका बालबालिका भोलिका आशालाग्दा कर्णधारमात्र होइनन्, अपितु वर्तमानका संवेदनशील नागरिक पनि हुन । बालबालिकाको जीवन अत्यन्तै उत्सुकताले भरिएको, उत्साहले उचालिएको र उमङ्गले रमाइरहेको हुन्छ। हामी भविष्यका तिनै सुन्दर फूल र चम्किला ताराहरुसँग खेलिरहेका, भुलिरहेका र रमाइरहेका छौं । बालबालिका भनेका संवेदनशील अनि जोखिममा पर्न र पारिन सक्ने नागरिक हुन् । उनीहरुको वर्तमान स्थितिले भोलिको भविष्य कस्तो बनाउने भन्ने कुरा तय गर्न सकिन्छ । यसै सन्दर्भमा केन्द्रीय बाल कल्याण समितिको सहयोगमा जिल्ला बाल कल्याण समिति काठमाडौंबाट जिल्लामा बालअधिकार र बालबालिकाको वर्तमान स्थिति के-कस्तो छ भन्ने तथ्य काठमाडौंमा बालअधिकारको अवस्था २०७४ रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । कमजोर सूचना र प्रतिवेदन प्रणालीका बाबजूद हामीले यो प्रयास गरेका छौं जुन पूर्ण नहुन सक्छ, तर पहल र प्रयास हो, निरन्तर लागि परे सफलताको बिन्दुमा पुग्न सकिन्छ भन्ने मान्यतामा रहेर बालअधिकारको अवस्था प्रकाशन गरिएको छ । कतिपय सूचना, तथ्य तथा जानकारी छुटेका हुनसक्छन्, त्यस्ता विवरणलाई आगामी वर्षहरुमा अद्यावधिक गर्दै लैजाने र आगामी दिनमा स्थानीय सरकारहरुलाई यस प्रकाशनले स्थानीय तहहरुमा बालबालिकाको क्षेत्रमा योजना तर्जुमा गर्नका लागि सहयोग पुग्नेछ भन्ने विश्वाससमेत लिएका छौं ।

प्रकाशन कार्यमा सहयोग पुऱ्याउनु हुने जिल्ला बालकल्याण समितिका सदस्यहरु तथा अन्य विभिन्न सम्बन्धित निकायका पदाधिकारीज्यूहरुमा आभार व्यक्त गर्दछौं । यस प्रतिवेदन प्रकाशनको शुभघडीमा जिल्लास्थित क्रियाशील राजनैतिक दलहरु, बालबालिकाको क्षेत्रमा कार्यरत र सरोकार राख्ने सरकारी निकाय, अन्तर्राष्ट्रिय एवं राष्ट्रिय गैसस, सञ्चार गृह/माध्यम, सामुदायिक संस्था, बालक्लबहरु तथा बालक्लब सञ्जाल, विद्यालयहरु, अधिकारकर्मी मित्रहरु एवं सम्बन्धित व्यक्तिहरु तथा प्रकाशन कार्यमा सहयोग पुऱ्याउने केन्द्रीय बालकल्याण समिति तथा जिल्ला समन्वय समिति काठमाडौं प्रति हार्दिक धन्यवाद दिन चाहन्छु। प्रकाशनकार्यमा सुचना संकलन, प्रसोधन र सम्पादनमा महत्वपूर्ण योगदान दिनुहुने केन्द्रीय बाल कल्याण समितिका बालअधिकार श्रोतव्यक्ति रवि गौतमलाई म विषेश धन्यवाद दिन चाहन्छु । साथै प्रकाशनमाथि यथोचित, समालोचनात्मक र सकारात्मक टिप्पणीको अपेक्षासमेत गरेको छु ।

**अनिता अधिकारी**
बालकल्याण अधिकारी

# विषयसूची

## खण्ड क
## तथ्याङ्कमा बालबालिका


- जिल्लाको संक्षिप्त परिचय ७
- काठमाडौं जिल्लाका बालबालिकाको संख्या ७
- जिल्लाका स्थानीय तहमा रहेका बालबालिकाकाको जनसंख्या ७
- काठमाडौंका बालबालिकाको जंनसंख्या (उमेर अनुसार) ९
- जिल्लामा भएका बाल मनोरञ्जनस्थलहरूको विवरण १०
- काठमाडौं जिल्लामा बालबालिकासँग सम्बन्धित केही तथ्याङ्कहरु १०


## खण्ड ख
## काठमाडौंमा बालअधिकारको अवस्था


- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यक्रम १२
- जम्मा उद्धार भएका बालबालिकाको संख्या १२
- उमेर समूहको आधारमा बालबालिकाको संख्या १२
- जातिगत आधारमा बालबालिको संख्या १२
- शैक्षिक अवस्थाको आधारमा बालबालिकाको संख्या १२
- बाबु आमाको अवस्था १२
- बाल हेल्पलाईनमा आएका घटनाहरु १४
- सन् २०१६ को अवधिमा बाल हेल्पलाइन १०९८ मार्फत सम्बोधन भएका घटनाहरुः १५
- अपाङ्गता भएका बालबालिकाको संख्या १६
- हिंसा, दुर्व्यवहार, अपहरण तथा बेचविखनबाट प्रभावित बालबालिका १७
- काठमाडौं जिल्लाका बालगृहहरुः नगरपालिका अनुसार १८
- जिल्ला भित्र सञ्चालित बालगृह र बालबालिकाको विवरण १९
- केन्द्रीय बालकल्याण समितिमा काठमाडौं जिल्लामा संचालन अनुमति प्राप्त र नविकरण

गरिएकाका बालगृहहरु २६
- बालक्लब २८
- नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समितिहरुको विवरण २९
- बालबालिकाको क्षेत्रमा क्रियाशिल गैससहरुको नक्सांकन ३४
- मनोरञ्जन क्षेत्रमा बालिकाको अवस्था विश्लेषण ३७
- जिल्ला बालकल्याण समिति काठमाडौबाट सम्पन्न कार्यक्रमहरु ४१

## खण्ड ग

## स्थानीय तहका लागि बालअधिकारमा आधारित योजना तर्जुमा

- घटना व्यवस्थापन प्रक्रिया ४५
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा
- बालबालिकासँग प्रत्यक्ष सम्बन्धित रहेका केही प्रावधानहरु ४८

●●

# खण्ड क
# तथ्याङ्कमा बालबालिका

## जिल्लाको संक्षिप्त परिचय

भौगोलिक विभाजन अनुसार काठमाण्डौं जिल्ला मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत रहेको छ । काठमाण्डौं उपत्यका भित्रका तीन जिल्ला मध्ये काठमाण्डौं देशको राजधानी समेत भएको एक मुख्य जिल्ला हो । यो जिल्ला २७ डि. २७ मि. देखि २७ डि. ४९ मि. उत्तरी अक्षांशसम्म र ८५ डि. १० मि. देखि ८५ डि. ३२ मि. पूर्वी देशान्तरसम्म फैलिएको यो जिल्ला पूर्वमा भक्तपुर तथा दक्षिणमा ललितपुर तथा मकवानपुरको बीचमा अवस्थित छ । यस जिल्लामा १ वटा महानगरपालिका र १० नगरपालिका रहेका छन् । समुन्द्री सतहबाट १२६२ मिटरदेखि २७३२ मिटरसम्मको उचाईमा रहेको यस जिल्लामा चन्द्रागिरी, शिवपुरी र नागार्जुन गरी तीन उच्च पहाडी श्रृखलाहरु मुख्य रुपमा पर्दछन् । यस जिल्लाको अधिकतम तापक्रम जेठ आषाढ तिर ३२ डि. सम्म र न्युनतम तापक्रम पौष माघ तिर माइनस- (२) डि.से. सम्म भएको पाईन्छ भने औसत वर्षा १७६.४ मि.लि. भएको देखिन्छ । यस जिल्लाको क्षेत्रफल ३९५ वर्ग कि.मि. अर्थात ३९५०० वर्गहेक्टर रहेको छ । देशको कुल क्षेत्रफल मध्ये काठमाण्डौं जिल्लाले ०.२७ प्रतिशत भाग ओगटेको छ ।

**काठमाडौं जिल्लाका बालबालिकाको संख्या**

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| जिल्लाको कूल जनसंख्या | ८,३१,२३९ | ९,१३,००१ | १,७४४,२४० |
| परिवार अनुसार जनसंख्याको विवरण | ८,३१,२३९ | ९,१३,००१ | १,७४४,२४० |
| (परिवार संख्याः ४,३६,३४४) | | | |

स्रोत र मितिः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग

**जिल्लाका स्थानीय तहमा रहेका बालबालिकाकाको जनसंख्या**

**बुढानीलकण्ठ नगरपालिका**

| लिङ्ग | जम्मा | ००-०४ | ०५-०९ | ४०-१४ | १५-१९ |
|---|---|---|---|---|---|
| जम्मा | १०७,९१८ | ७,५६७ | ९,२४२ | १०,८८० | १२,४१८ |
| बालक | ५४,१८५ | ३,९९० | ४,८८१ | ५,६८४ | ६,४६९ |
| बालिका | ५३,७३३ | ३,५७७ | ४,३६१ | ५,१९६ | ५,९४९ |

**चन्द्रागिरी नगरपालिका**

| लिङ्ग | जम्मा | ००-०४ | ०५-०९ | ४०-१४ | १५-१९ |
|---|---|---|---|---|---|
| जम्मा | ८५,१९८ | ६,१७२ | ७,०९६ | ८,२९० | ९,२२० |
| बालक | ४२,८८१ | ३,३०८ | ३,६७७ | ४,३०७ | ४,८११ |
| बालिका | ४२,३१७ | २,८६४ | ३,४१९ | ३,९८३ | ४,४०९ |

### दक्षिणकाली नगरपालिका

| लिङ्ग | जम्मा | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ |
|---|---|---|---|---|---|
| जम्मा | २४,२९७ | १,६२८ | १,९६९ | २,४०३ | २,७७१ |
| बालक | ११,८७३ | ८६७ | १,०३९ | १,१९४ | १,३७३ |
| बालिका | १२,४२४ | ७६१ | ९३० | १,१०९ | १,३९८ |

### गोकर्णेश्वर नगरपालिका

| लिङ्ग | जम्मा | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ |
|---|---|---|---|---|---|
| जम्मा | १०७,३५१ | ८,२७७ | ९,८२७ | ११,७१८ | १३,१२२ |
| बालक | ५३,७२६ | ४,४२० | ५,०२२ | ५,९९४ | ६,६९९ |
| बालिका | ५३,६२६ | ३,८५७ | ४,८०५ | ५,७२४ | ६,४२३ |

### शंकरापुर नगरपालिका

| लिङ्ग | जम्मा | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ |
|---|---|---|---|---|---|
| जम्मा | २५,३३८ | १,८०३ | २,१८४ | २,८७२ | २,९०९ |
| बालक | १२,३४६ | ९३९ | १,११३ | १,४३५ | १,४३९ |
| बालिका | १२,९९२ | ८६४ | १,०७१ | १,४३७ | १,४७० |

### तारकेश्वर नगरपालिका

| लिङ्ग | जम्मा | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ |
|---|---|---|---|---|---|
| जम्मा | ८१,४४३ | ६,०८० | ७,०७२ | ८,४८३ | ९,७७६ |
| बालक | ४१,३७६ | ३,२२२ | ३,७३५ | ४,४१८ | ५,१०८ |
| बालिका | ४०,०६७ | २,८५८ | ३,३३७ | ४,०६५ | ४,६६८ |

### टोखा नगरपालिका

| लिङ्ग | जम्मा | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ |
|---|---|---|---|---|---|
| जम्मा | ९९,०३२ | ७,१३९ | ८,७९८ | ९,७७५ | ११,९७० |
| बालक | ५०,७०९ | ३,८१७ | ४,६३२ | ५,१६० | ६,५६० |
| बालिका | ४८,३२३ | ३,३२२ | ४,१६६ | ४,६१५ | ५,४१० |

### कागेश्वरी मनहरा नगरपालिका

| लिङ्ग | जम्मा | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ |
|---|---|---|---|---|---|
| जम्मा | ६०,२३७ | ४,३६९ | ५,१६० | ६,२४३ | ६,८५१ |
| बालक | ३०,२३३ | २,३९८ | २,७२९ | ३,२५८ | ३,५१० |
| बालिका | ३०,००४ | १,९७१ | २,४३१ | २,९८५ | ३,३४१ |

### काठमाडौं महानगरपालिका

| लिङ्ग | जम्मा | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ |
|---|---|---|---|---|---|
| जम्मा | ९७५,४५३ | ५९,९१० | ७२,९९३ | ८५,१८० | १०९,८९२ |
| बालक | ५११,८४१ | ३१,९३१ | ३९,०१८ | ४४,६२७ | ६१,२१३ |
| बालिका | ४६३,६१२ | २७,९७९ | ३३,९७५ | ४०,५५३ | ४८,६७९ |

**कीर्तिपुर नगरपालिका**

| लिङ्ग | जम्मा | ००–०४ | ०५–०९ | ४०–१४ | १५–१९ |
|---|---|---|---|---|---|
| जम्मा | ६५,६०२ | ३,४८१ | ४,१२४ | ४,७२६ | ६,९३२ |
| बालक | ३६,४७६ | १,८९५ | २,१९५ | २,४६८ | ४,०२७ |
| बालिका | २९,१२९ | १,५८६ | १,९२९ | २,२५८ | २,९०५ |

**नागार्जुन नगरपालिका**

| लिङ्ग | जम्मा | ००–०४ | ०५–०९ | ४०–१४ | १५–१९ |
|---|---|---|---|---|---|
| जम्मा | ६७,४२० | ४,७४८ | ५,५४२ | ६,४७० | ७,५१६ |
| बालक | ३४,०६४ | २,४९६ | २,९६० | ३,३४४ | ३,९४२ |
| बालिका | ३३,३५६ | २,२५२ | २,५८२ | ३,१२६ | ३,५७४ |

## काठमाडौंका बालबालिकाको जंनसंख्या (उमेर अनुसार)

| उमेर | जम्मा | | बालक | | बालिका | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| | १,७४४,२४० | १००.०० | ९१३,००१ | १००.०० | ८३१,२३९ | १००.०० |
| ० वर्ष | २२,०५४ | १.२६ | ११,७१६ | १.२८ | १०,३३८ | १.२४ |
| १ वर्ष | २१,२२५ | १.२२ | ११,४५१ | १.२५ | ९,७७४ | १.१८ |
| २ वर्ष | २२,६९५ | १.३० | १२,०६४ | १.३२ | १०,६३१ | १.२८ |
| ३ वर्ष | २१,५३१ | १.२३ | ११,३५७ | १.२४ | १०,१७४ | १.२२ |
| ४ वर्ष | २४,०९५ | १.३८ | १२,९२७ | १.४२ | ११,१६८ | १.३४ |
| ५ वर्ष | २६,८४० | १.५४ | १४,२९८ | १.५७ | १२,५४२ | १.५१ |
| ६ वर्ष | २५,९५५ | १.४९ | १३,७२० | १.५० | १२,२३५ | १.४७ |
| ७ वर्ष | २८,१११ | १.६१ | १४,८८७ | १.६३ | १३,२२४ | १.५९ |
| ८ वर्ष | २९,१६६ | १.६७ | १५,८४५ | १.७४ | १३,३२१ | १.६० |
| ९ वर्ष | २७,०९० | १.५५ | १४,१७७ | १.५५ | १२,९१३ | १.५५ |
| १० वर्ष | ३२,६०५ | १.८७ | १७,४७८ | १.९१ | १५,१२७ | १.८२ |
| ११ वर्ष | २९,३४३ | १.६८ | १५,४६६ | १.६९ | १३,८७७ | १.६७ |
| १२ वर्ष | ३४,१८० | १.९६ | १८,१३३ | १.९९ | १६,०४७ | १.९३ |
| १३ वर्ष | ३३,७२० | १.९३ | १७,५२३ | १.९२ | १६,१९७ | १.९५ |
| १४ वर्ष | ३५,८३१ | २.०५ | १८,८६६ | २.०७ | १६,९६५ | २.०४ |
| १५ वर्ष | ३७,०५८ | २.१२ | १९,८०० | २.१७ | १७,२५८ | २.०८ |
| १६ वर्ष | ३८,७८० | २.२२ | २०,९९९ | २.३० | १७,७८१ | २.१४ |
| १७ वर्ष | ३९,०४८ | २.२४ | २१,३७० | २.३४ | १७,६७८ | २.१३ |
| १८ वर्ष | ४८,६७७ | २.७९ | २७,४२७ | ३.०० | २१,२५० | २.५६ |

## जिल्लामा भएका बाल मनोरञ्जनस्थलहरुको विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| १ | रत्नपार्क | का.म.न.पा. | २. | बालाजु पार्क | बालाजु |
| ३ | फर्पिङ बिद्युत गृह पार्क | सेतिदेवी | ४ | भृकुटीमण्डप | प्रर्दशनीमार्ग |
| ५ | गणेशमान शान्ति बाटिका | रत्नपार्क | ६ | चन्द्रागिरी | |
| ७ | शिवपुरी | बुढानीलकण्ठ | ८ | स्वीट्जरल्याण्ड पार्क | दहचोक |
| ९ | चोभार क्षेत्र | किर्तिपुर न.पा. | १० | हात्तीबन डाँडा | सेतीदेवी |
| ११ | जल बिनायक पार्क | किर्तिपुर न.पा. | १२ | कार्तिके भञ्ज्याङ | सुन्टोल |
| १३ | साँखू बज्रयागिनी | बज्रयोगिनीज्ञ | १४ | सलम्बु बन | साँखु |
| १५ | जरसिंहपौवा | लप्सीफेदी | १६ | टोखा | टोखा |
| १७ | बुढानीलकण्ठ | बुढानीलकण्ठ | १८ | दक्षिणकाली | दक्षिणकाली |
| १९ | त्रिभुवन पार्क | थानकोट | २० | सुन्दरीजल | सुन्दरीजल |
| २१ | शंखपार्क | चक्रपथ | २२ | शहिद/निजामति पार्क | |
| २३ | शंकर्पाक | चक्रपार्क | | | |

## काठमाडौं जिल्लामा बालबालिकासँग सम्बन्धित केही तथ्याङ्कहरु

| सूचक | स्थिति | स्रोत |
|---|---|---|
| मानव विकास सूचकांक (HDI) | ०.६३२ | नेपाल ह्युमन डेभलपमेन्ट रिर्पोट, २०१६ राष्ट्रिय योजना आयोग |
| विद्यालय संख्या (वटा) | १३६५ | फ्लास १ प्रतिवेदन, २०७३, शिक्षा विभाग |
| धार्मिक विद्यालयको संख्या (वटा) | ३ | फ्लास १ प्रतिवेदन, २०७३, शिक्षा विभाग |
| प्राथमिक तहको खुद भर्नादर (प्रतिशत) | ९२ | फ्लास १ प्रतिवेदन, २०७३, शिक्षा विभाग |
| प्राथमिक तहमा कक्षा दोहोऱ्याउने दर (प्रतिशत) | २.७ | फ्लास १ प्रतिवेदन, २०७३, शिक्षा विभाग |
| प्राथमिक तहमा विद्यालय छोड्ने दर (प्रतिशत) | २.९ | फ्लास १ प्रतिवेदन, २०७३, शिक्षा विभाग |
| यस आ.व.को प्रथम आठ महिना सम्म विभिन्न सञ्चार माध्यममा प्रकाशित बालबालिका विरुद्धका घटनाहरुको संख्या (वटा) | १९ | केन्द्रीय बालकल्याण समिति, २०७४) |
| यस आ.व.को प्रथम आठ महिना सम्म विभिन्न सञ्चार माध्यममा प्रकाशित बलात्कारका घटनाहरुको संख्या (वटा) | १२ | केन्द्रीय बालकल्याण समिति, २०७४) |
| २०७४ चैत मसान्तसम्म जगन्नाथदेवल कारागारमा बाबुआमासँग आश्रित बालबालिका (जना) | ८ | कारागार व्यवस्थापन विभाग, २०७४ |

# खण्ड ख
# काठमाडौंमा बालअधिकारको अवस्था

## सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यक्रम

सडक बालबालिकाको उद्धार, मनोविमर्श, संरक्षण, सामाजिकीकरण, पारिवारिक र सामाजिक पुनर्मिलन, पुनःर्स्थापना तथा पुनर्एकीकरणका कार्यक्रमहरु सञ्चालन गर्न र बालबालिकालाई सडकमा नआउने वातावरण सिर्जना गर्न पारिवारिक सहयोग कार्यक्रमलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा नै बालअधिकारसम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्ने तथा सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सरकारी, गैरसरकारी, विकासका साझेदार संस्था र नागरिक समाजसंगको साझेदारी समन्वय, सहयोग र सहकार्यमा सञ्चालन गर्न र भइरहेका गतिविधिहरुलाई समन्वयात्मक रुपमा व्यवस्थित र प्रभावकारी बनाउन नेपाल सरकारले "सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२" जारी गरेको छ । नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ लगाएतका कानूनी दस्तावेजहरुले "सडक बालबालिकाको सूचना, अभिलेख, सडकमा आएका बालबालिकाको उद्धार, परिवारमा पुर्नएकीकरण, पारिवारिक सहयोग, मनोसमाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन गर्ने र सडक बालबालिकाको उद्धार, पुनःर्स्थापना र सामाजिकीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न राज्यलाई जिम्मेवार बनाएको छ । यस कार्यका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका श्रीमान् सचिवज्यूको संयोजकत्वमा उच्च स्तरीय सडक बालबालिका संरक्षण तथा समन्वय समिति मार्फत केन्द्रीय बालकल्याण समितिले यस कार्यलाई अगाडी बढाएको हो ।

सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यक्रम अर्न्तगत, सम्पर्क गृह, सामाजिकीकरण केन्द्र र लागु औषध पुनर्स्थापना केन्द्रको संचालनका लागि केन्द्रीय बालकल्याण समितिले गत माघ १८ गते राष्ट्रिय दैनिक पत्रिकाहरुमा सूचना प्रकाशन गरी आह्वान गरिएको प्रस्ताव अनुरुप सडक बालबालिकाको व्यवस्थापनसम्बन्धी कार्यहरु गर्न गठीत कार्य दलबाट छनौट गरिएका संस्थाहरुको अनुगमन गर्ने कार्य गर्न र मिति २०७२/१२/१५ गते महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका श्रीमान् सचिवज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयानुसार संस्थाहरुको क्षमता र अवस्थासम्बन्धी स्थलगत अवलोकन र निरिक्षण एवम् अनुगमन भ्रमण गरी मिति २०७३ बैशाख २१ गते महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा सम्पन्न सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समन्वय समितिको निर्णय अनुसार २०७३ बैशाख २७ गतेदेखि बालबालिका खोजतलास समन्वय केन्द्र १०४ को समन्वय र सहकार्यमा औपचारीक रुपमा सडकबाट बालबालिकाको उद्धार कार्य प्रारम्भ गरी बालबालिकाको आवासीय संरक्षण र व्यवस्थापन कार्य प्रारम्भ भएको हो । सो कार्यमा केन्द्रीय बाल कल्याण समितिसँगको सहकार्यमा तपसिल अनुसारका सम्पर्क गृह, सामाजिकीकरण केन्द्र र लागु औषध पुर्नस्थापना केन्द्रहरुले समन्वयात्मक रुपमा कार्य भैरहेको छ ।

१. भ्वाईस अफ चिल्ड्रेन, ग्वार्गो, ललितपुर (सम्पर्क गृह र सामाजिकीकरण केन्द्र)

२. बाल वातावरण केन्द्र नेपाल, नयाँपाटी, काठमाडौं (सम्पर्क गृह र सामाजिकीकरण केन्द्र)

३. सिपिसियस, गोदावरी, ललितपुर (सम्पर्क गृह र सामाजिकीकरण केन्द्र)

४. यूपेप नेपाल, सानेठिमी, भक्तपुर (सामाजिकीकरण केन्द्र)

५. रक्षा नेपाल, सतुङ्गल, काठमाडौं (सामाजिकीकरण केन्द्र)


६. एपिसी नेपाल, कालिमाटी, काठमाडौं (सम्पर्क गृह)

७. सोबर रिकभरी महिला पुर्नस्थापना केन्द्र, बौद्ध, काठमाडौं (लागु औषष पुनर्स्थापना केन्द्र)

यसरी सो कार्यक्रम शुरु भए पश्चात् यहि बैशाख २७ गतेदेखि २०७४ असार मंसीर महिनासम्ममा ७३४ बालक र ८३ जना बालिकाहरु गरी जम्मा ८१७ जना बालबालिकाको उद्धार गरी उनीहरुको व्यवस्थापन प्रक्रिया भैरहेकको छ । जसको तथ्याङ्गगत रुपमा हेर्दा निम्नानुसारको तथ्याङ्क रहेको छ ।

## जम्मा उद्धार भएका बालबालिकाको संख्या –

यस अवधिमा उद्धार गरिएका जम्मा ८ सय १७ जना बालबालिका मध्ये बालक ९० प्रतिशत (७ सय ३४ जना) र बालिका १० प्रतिशत (८३ जना) रहेका छन् ।




## उमेर समूहको आधारमा बालबालिकाको संख्या

| १ देखि ५ वर्ष | ६ देखि १० वर्ष | ११ देखि १४ वर्ष | १५ देखि १८ वर्ष |
|---|---|---|---|
| १० (१.२२%) | ११४ (१७.६२%) | ४०३ (४९.३२%) | २९० (३५.४९%) |

उमेर समूहको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी ११ देखि १४ वर्ष उमेर समूहका ४ सय तीन जना (४९.३२ प्रतिशत) रहेका छन् भने १५ देखि १८ वर्षसम्मका २ सय ९० जना (३५.४९ प्रतिशत), ६ देखि १० वर्षसम्मका १ सय १४ जना (१७.६२ प्रतिशत) र ५ वर्षमूनीका सबैभन्दा कम १० जना (१.२२ प्रतिशत) रहेका छन् ।

## जातिगत आधारमा बालबालिको संख्या –

| ब्राम्हण/क्षेत्री | आदिवासी/जनजाति | दलित | मधेशी | थाहा नभएको |
|---|---|---|---|---|
| २४८ (३०.३५%) | ३६१ (४४.१८%) | १५० (१८.३५%) | ५२ (६.३६%) | ६ (०.७३%) |

## शैक्षिक अवस्थाको आधारमा बालबालिकाको संख्या –

| साक्षर (बिद्यालय गएका) | निरक्षर (बिद्यालय नगएका) |
|---|---|
| ५०३ (७१.३५%) | २३४ (२८.६४%) |

## बाबु आमाको अवस्था –

| दुबै जिवित | दुबै मृत | आमा मृत | बाबु मृत |
|---|---|---|---|
| ५६२ (६८.७८%) | ९४ (११.५०%) | ६१ (७.४६%) | १०० (१२.२३%) |

**जिल्लागत तथ्याङ्क (बालबालिका आएका ६१ जिल्ला मध्ये बढी बालबालिका आएका १० जिल्लाहरु)–**

| क्र.सं. | जिल्ला | बालबालिकाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काठमाडौं | ७५ | ९.१७ % |
| २ | काभ्रे | ६५ | ७.९५ % |
| ३ | सिन्धुपाल्चोक | ५५ | ६.७३ % |
| ४ | धादिङ | ५४ | ६.६० % |
| ५ | मकवानपुर | ४९ | ५.९९ % |
| ६ | रामेछाप | ४१ | ५.०१ % |
| ७ | रसिन्धुली | ३८ | ४.६५ % |
| ८ | सर्लाही | ३२ | ३.९१ % |
| ९ | दोलखा | २७ | ३.३० % |
| १० | नुवाकोट | २२ | २.६९ % |

| | बालबालिकाको संख्या | प्रतिशत |
|---|---|---|
| ठेगाना थाहा नभएको | ५० | ६.११ % |
| भारत | २० | २.४४ % |

- हाल सम्पर्क गृहमा रहेका बालबालिकाको संख्या - १५६ जना । (१९.०९%)
- हाल सामाजिकीकरण केन्द्रमा रहेका बालबालिकाको संख्या - ११७ जना । (१४.३२%)
- विभिन्न बालगृहमा रहेका बालबालिका - १६ जना । (१.९५%)
- पारिवारिक पुर्नस्थापना भएका बालबालिकाको संख्या - ३६१ जना । (४४.१८%)
- हाल विभिन्न तालिममा पठाईएका बालकहरु - ४९ जना । (५.९९%)
- विभिन्न तालिम पूरा गरिसकेका बालकहरु - २७ जना । (३.३०%)

## काठमाडौं उपत्यका भित्र हराएका र फेला परेका तथा पुर्नस्थापना गरिएका बालबालिकाहरुको विवरण

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्दीय बालकल्याण समिति, समाजकल्याण परिषद, नेपाल प्रहरी, नागरिक समाज, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको पहलमा एक अवधारणा पत्र तयार पारी वि.सं. २०६३ साल मंसिर २२ गते बालबालिका खोजतलास समन्वय केन्द्र (National Center for Children at Risk) को स्थापना भयो । बालबालिका खोजतलास समन्वय केन्द्र सर्वसाधारणको पहुँच हुने गरी काठमाण्डौंको भृकुटीमण्डप स्थित समाज कल्याण परिषद्ले निःशुल्क उपलब्ध गराएको भवनमा रहेको छ । संस्थागत संरचनाको रुपमा बालबालिका खोजतलास समन्वय केन्द्रको सचिवालय केन्द्रीय बालकल्याण समितिको कार्यालयमा रहने र केन्द्र सञ्चालनका लागि राष्ट्रिय समन्वय समितिको व्यवस्था गरिएको छ । यस केन्द्रले हराएका, हराएर फेलापरेका र बेवारीस फेलापरेका बालबालिकाको उद्धार, संरक्षण र पारिवारिक पुनःस्थापनामा विशेष भूमिका निर्वाह गरिरहेको छ ।

**आ.व.२०७४/०७५को फागुन मसान्तसम्म कुल हराएका बालबालिका सम्बन्धी विवरणः**

| जम्मा हराएका | | | हराएका मध्ये फेला परेका | | | खोजतलास जारी | | |
|---|---|---|---|---|---|---|---|---|
| बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| ...... | ७९ | २१२ | ९७ | ६६ | १६३ | ३६ | १३ | ४९ |

काठमाडौं उपत्यका भित्र आ.व.२०७४/०७५ को प्रथम आठ महिनाको अवधिमा २ सय १२ जना बालबालिका (३७ प्रतिशत बालिका) हराएका छन् । हराएका बालबालिका मध्ये १ सय ६३ जना जना (७७ प्रतिशत) फेला परेका छन् भने ४९ जना बालबालि (१३ जना बालिका) को खोजतलास जारी रहेको छ ।

**आ.व.२०७४/०७५ को फागुन मसान्तसम्म कुल वेवारिस फेला बालबालिका सम्बन्धी विवरणः**

| वेवारिस फेलापरेका | | | पारिवारिक पुनर्मिलन गरिएका | | | संरक्षणगृहमा रहेका | | | बालगृहबाट भागेका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १२६ | ५९ | १८५ | ८४ | ३७ | १२१ | ४१ | २१ | ६२ | १ | १ | १ |

त्यसैगरी यस अवधिमा १ सय ८५ जना (३२ प्रतिशत बालिका) बालबालिका बेबारिस फेला परेका छन् । फेला परेका बालबालिका मध्ये १ सय २१ (६५ प्रतिशत) जना बालबालिकालाई परिवारमा पुनर्स्थापना गरेको छ भने ६२ जना बालबालिका (२१ बालिका) लाई बालगृहमा अल्पकालिन संरक्षण प्रदान गरिएको छ । १ जना बालक र १ जना बालिका अल्पकालिन संरक्षणमै रहेको अवस्थामा बालगृहबाट भागेर गएका छन् ।

### जिल्लामा एच.आइ.भी. र एड्सबाट संक्रमित वा प्रभावित बालबालिकालाई लक्षित गरेर सञ्चालन गरिएको बालगृह वा पुनर्स्थापना केन्द्रको विवरण

| संस्थाको नाम | संरक्षित बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|
| | बलिका | बालक | जम्मा |
| बेबिलाइफ होम | ९ | १५ | २४ |
| पुर्नबल प्लस | १५ | २० | ३५ |
| जम्मा | २४ | ३५ | ५९ |

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका अनुसार काठमाडौं जिल्लामा २ वटा संस्थाहरुले आवासीय रुपमा एच.आइ.भी. र एड्सबाट संक्रमित वा प्रभावित बालबालिकालाई संरक्षण प्रदान गर्दै आइरहेका छन् । जसमा २४ जना बालिका र ३५ जना बालक गरी जम्मा ५९ जना बालबालिका रहेका छन् ।

## बाल हेल्पलाईनमा आएका घटनाहरु

बालअधिकार उल्लङ्घनको अवस्थामा छिटो-छरितो र बालमैत्री ढङ्गले बालबालिकाको संरक्षण, उद्धार र आवश्यक आपत्कालीन सहयोग पुऱ्याउने प्रभावकारी संरचना बालहेल्पलाइन हो । बालहेल्पलाइन विश्वका १३४ भन्दा बढी देशहरुमा सञ्चालन भई बालसंरक्षणको प्रणालीको एक महत्वपूर्ण अङ्गका रुपमा स्थापित भएको छ । नेपालमा पहिलो पटक गैरसरकारी क्षेत्रबाट प्रारम्भ भएको बालबालिकाको आपत् कालीन उद्धार सहयोग तथा परामर्शका लागि सन् १९८९ मा स्थापित सिविन हेल्पलाइनको अवधारणालाई बालहेल्पलाइनमा परिणत गरी हाल सन् २००७ बाट राज्यको संरचना भित्र आएको छ । महिला,

बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट बाल हेल्पलाइन सञ्चालन कार्यविधि २०६४ जारी भई सरकारद्वारा बालहेल्पलाइनलाई पैसा नलाग्ने फोन नम्बर १०९८ (दश नौ आठ) उपलब्ध गराइएको छ । महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको संयोजकत्वमा बाल हेल्पलाइन १९०८ को केन्द्रीय निर्देशन समितिको गठन भई सोको सचिवालय केन्द्रीय बालकल्याण समितिमा रहेकोछ । हाल नेपालमा ११ जिल्लामा विभिन्न ५ वटा संस्थाको सहकार्यमा बाल हेल्पलाइन सञ्चालित छ र घटनालाई सम्बोधन गरिएको पाइएको छ । पैसा नलाग्ने फोन नम्बर १०९८ (बालबालिका समेतका लागि सम्झन सजिलो होस् भन्नका लागि यसको उच्चारण “दश नौ आठ” भनी गरिन्छ) दक्षिण एसियाका देशहरुको बाल हेल्पलाइनको साझा नम्बरका रुपमा क्रमशः स्थापित हुँदैछ । बालमैत्री वातावरणमा बालअधिकार उल्लङ्घनका घटनाहरुमा तत्काल सम्बोधन गर्ने प्रभावकारी संरचनाका रुपमा यो हेल्पलाइन रहेको छ ।

**सन् २०१६ को अवधिमा बाल हेल्पलाइन १०९८ मार्फत सम्बोधन भएका काठमाडौंका घटनाहरुः**

| क्र.स. | प्रमुख समस्याहरु | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | बालक | बालिका | |
| १ | शारीरिक दुर्व्यवहार | ६ | १२ | १८ |
| २ | यौन दुर्व्यवहार | ० | २० | २० |
| ३ | शारीरिक सजाय | ० | ५ | ५ |
| ४ | श्रम शोषण | ३१ | २७ | ५८ |
| ५ | हराएका | ३४ | २९ | ६३ |
| ६ | बिरामी | २ | १ | ३ |
| ७ | शैक्षिक सहयोग | ६४ | ५६ | १२० |
| ८ | सिपमूलक तालिम | ० | १ | १ |
| ९ | हेला | १७ | १२ | २९ |
| १० | ऋनाथ | २ | १ | ३ |
| ११ | ओसारपसार | १ | ३ | ४ |
| १२ | बाल बिज्याँइ | ९ | ० | ९ |
| १३ | मनोसामाजिक समस्या | ७ | १२ | १९ |
| १४ | परिवारिक द्वन्द्व | ५ | ८ | १३ |
| १५ | आर्थिक अभाव | ७ | ५ | १२ |
| १६ | परित्यक्त | २० | १७ | ३७ |
| १७ | मृत्यु | ० | १ | १ |
| १८ | बलविवाह | ० | ३ | ३ |
| १९ | अपाङ्गता | २ | ० | २ |
| २० | अनलान दुर्व्यवहार | ० | १ | १ |
| २१ | जन्मदर्ता | ० | २ | २ |
| २२ | आवासीय सहयोग | ७ | ४ | ११ |
| २३ | अन्य | ५ | ५ | १० |
| जम्मा | | २१९ | २२५ | ४४४ |

यस अवधिमा बालहेल्पलाइन १०९८ मार्फत विभिन्न २३ प्रकारका घटनाहरुलाई सम्बोधन गरिएको देखिन्छ । जस अन्तर्गत २ सय १९ बालक र २ सय २५ बालिका गरी जम्मा ४ सय ४४ जना बालबालिकालाई विभिन्न प्रकारका सेवाहरु प्रदान गरिएको छ। उक्त २३ प्रकारका घटनाहरु मध्ये सबैभन्दा बढी १ सय २० जना बालबालिकालाई सहयोग प्रदान गरिएको छ ।

**सन् २०१७ को अवधिमा बाल हेल्पलाइन १०९८ मार्फत सम्बोधन भएका काठमाडौंका घटनाहरुः**

| क्र.स. | प्रमुख समस्याहरु | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | बालक | बालिका | |
| १ | यौन दुर्व्यवहार | ८ | २७ | ३५ |
| २ | शारीरिक सजाय | ६ | ५ | ११ |
| ३ | श्रम शोषण | १९ | १९ | ३८ |
| ४ | हराएका | ३५ | २९ | ६४ |
| ५ | बिरामी | २ | ४ | ६ |
| ६ | हेला | २१ | १२ | ३३ |
| ७ | बाल बिज्याँइ | १४ | १ | १५ |
| ८ | मनोसामाजिक समस्या | ४ | ३ | ७ |
| ९ | परिवारिक द्वन्द्व | ७ | ९ | १६ |
| १० | जेलमा आश्रित | २ | ० | २ |
| ११ | आर्थिक अभाव | ७५ | ६९ | १४४ |
| १२ | दुर्व्यसनी | १ | ० | १ |
| १३ | परित्यक्त | ३१ | ४६ | ७७ |
| १४ | मृत्यु | २ | १ | ३ |
| १५ | बालविवाह | ० | ५ | ५ |
| १६ | बैद्धिक अपाङ्गता | ० | २ | २ |
| १७ | जन्मदर्ता | ३ | २ | ५ |
| १८ | आवासीय सहयोग | ० | १ | १ |
| १९ | अन्य | १ | २ | ३ |
| जम्मा | | २३१ | २३७ | ४६८ |

साथै सन् २०१७ को अवधिमा बालहेल्पलाइन १०९८ मार्फत विभिन्न १९ प्रकारको सहयोग प्रदान गरिएको छ। जस अन्तर्गत २ सय ३७ बालिका र २ सय ३१ बालक रहेका छन्। सहयोग गरिएका मध्ये सबैभन्दा बढी १ सय ४४ आर्थिक अभाव भएका बालबालिकालाई आर्थिक सहयोग प्रदान गरिएको छ।

## अपाङ्गता भएका बालबालिकाको संख्या (परिचय पत्र अनुसार)

अपाङ्गता भएका बालबालिका सबैभन्दा धेरै जोखिममा रहेका हुन्छन् । यिनीहरु शोषण र हेलामा परेको पनि धेरै उदाहरण देखिन्छ। त्यसकारण यिनीहरु विशेष संरक्षणको आवश्यकता पर्ने बालबालिकाको समुहभित्र पर्दछन् । व्यक्तिहरूमा अपाङ्गता हुने कारणमा दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विष्फोटक पदार्थको प्रयोग आदि देखिएको छ, जसलाई घटाउन

प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको हक हित र अधिकारको संरक्षण एवम् संवर्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसैगरी २०६६ पौष १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००६ (UN Convention on the Rights of People with Disabilities-UNCRPD, 2006) लाई अनुमोदन गरेको छ । सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइसम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहीनता, मानसिक अपाङ्गता- बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेंलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चारतहमा विभक्त गरी परिचयपत्र वितरण गर्ने कार्य सुरु गरिएको छ।

### अपाङ्गता परिचयपत्र वितरणको विवरण

| अपाङ्गता परिचय पत्रको किसिम | आ.ब ०७३/०७४ | | | चालु आबको फाल्गुन मसान्त सम्म | | |
|---|---|---|---|---|---|---|
| | बालिका | बलक | जम्मा | बालिका | बालक | जम्मा |
| पूर्ण अशक्त अपांगता (रातो रंगको ) | ११ | २० | ३१ | ८ | १७ | २५ |
| अति अशक्त अपांगता (नीलो रंगको) | ३ | ३ | ६ | ७ | ५ | १२ |
| मध्यम अपांगता (पहेंलो रंगको) | २ | १ | ३ | १ | १ | २ |
| सामान्य अपांगता (सेतो रंगको) | १ | | १ | | | |
| जम्मा | १७ | २४ | ४१ | १६ | २३ | ३९ |

महिला तथा बालबालिका कार्यालय काठमाडौंले आर्थिक वर्ष २०७३/०७४ को अवधिमा १७ जना बालक र २४ जना बालिका गरी ४१ जना बालबालिकालाई विभिन्न ४ प्रकारका परिचय पत्र वितरण गरेको छ। जसमा सबैभन्दा बढी रातो रंगको पूर्ण अशक्त अपाङ्गता परिचय पत्र अन्तर्गत ३२ जना (११ बालिका) बालबालिकालाई वितरण गरिएको छ । त्यसैगरी यस आ.व. २०७४/०७५ को प्रथम आठ महिनाको अवधिमा १६ बालिका र २३ बालक गरी ३९ जना बालबालिकालाई अपाङ्गता परिचय पत्र वितरण गरेको देखिन्छ।

## हिंसा, दुर्व्यवहार, अपहरण तथा बेचविखनबाट प्रभावित बालबालिका

नेपाल प्रहरी अर्न्तगतको महिला तथा बालबालिका सेवा केन्द्र टेकुबाट प्राप्त विवरण अनुसार काठमाडौं जिल्लामा आर्थिक वर्ष २०७४/०७५ को प्रथम आठ महिनाको अवधिमा नेपाल प्रहरीमा दर्ता भएका जबरजस्ती करणीबाट पीडित बालबालिका (उमेर समूहका आधारमा) को विवरण तलको तालिकामा दिइएको छ।

गत आर्थिक वर्ष २०७३/०७४ मा जबरजस्ती करणी अपराधबाट पीडित बालिकाको संख्या ७६ रहेकोमा यस आर्थिक वर्ष २०७४/०७५ को प्रथम आठ महिनामा पीडित बालिकाको संख्या ४८ रहेको छ। उपर्युक्त घटनाको अतिरिक्त बालबालिकामाथि जबरजस्ती करणीको प्रयासबिरुद्ध पनि गत आ.व.मा २० र हालको अवधिमा १५ बालिका पीडित भएको देखिएको छ। यसको विवरण तलको तालिकामा दिइएको छ।

केन्द्रका अनुसार आर्थिक वर्ष २०७३/०७४ मा बाल यौन दुर्व्यवहारबाट ७६ जना बालिका पीडित भएको देखिएको थियो भने आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्त सम्म ५१ जना बालिका पीडित भएको पाइएको छ। विस्तृत विवरण तलको तालिकामा दिइएको छ।

गत आर्थिक वर्षमा १२ जना बालिका बेचबिखनबाट पीडित रहेकोमा यस आर्थिक वर्षको फागुन सम्म्मा २ जना बालबालिका पीडित भएको देखिन्छ। संख्याको हिसावले स्थितिमा केही सुधार भएर आएको देखिन्छ तापनि बेचबिखन बालहिंसाको क्रुर रुप हो। यसको निराकरणमा निकै प्रयास गर्नुपर्ने देखिन्छ।

**विवरणः**

| घटनाको विवरण | पिडित बालबालिका संख्या | | | पिडित बालबालिका संख्या | | |
|---|---|---|---|---|---|---|
| | आ.ब ०७३/०७४ | | | आ.ब ०७४/०७५ | | |
| | बालिका | बलक | जम्मा | बालिका | बालक | जम्मा |
| बाल विवाह | १ | | १ | १ | | १ |
| जबरजस्ती करणी उद्योग | २० | | २० | १५ | | १५ |
| जबरजस्ती करणी/ बलात्कार | ७६ | | ७६ | ४८ | | ४८ |
| अपहरण | १ | १ | २ | | | |
| बाल यौन दुर्व्यवहार | ७६ | | ७६ | ४८ | २ | ५१ |
| मानव बेचविखन तथा ओसारपसार | १२ | | १२ | २ | | २ |
| आत्महत्या | १९ | ३ | २२ | ७ | १ | ८ |
| कर्तब्य ज्यान | २ | | २ | | | |
| नाका बाट उद्धार | १ | १० | ११ | २ | | २ |
| बाल विज्याई | | १८ | १८ | १ | २७ | २८ |

स्रोतः प्रहरी परिसर टेकु, महिला तथा बालबालिका सेवा केन्द्र

## काठमाडौं जिल्लाका बालगृहहरुः नगरपालिका अनुसार

अनाथ, जोखिम र अति दयनीय अवस्थामा रहेका बालबालिकाको लालनपालन तथा शिक्षादीक्षाका लागि २००९ मा काठमाडौंमा परोपकार अनाथालय स्थापना भएको थियो। यसैगरी अनाथ, परित्यक्त र अन्य जोखिममा रहेका बालबालिकाको लालनपालन तथा शिक्षादीक्षाका लागि २०२१ सालदेखि नेपाल बाल मन्दिर सञ्चालनमा रहेको छ। हालसम्म काठमाडौं जिल्लामा जम्मा २ सय २० आवसीय बालगृह सञ्चालनमा रहेका छन्। यी बालगृहहरुमा जम्मा .... बालबालिका (बालक ... र बालिका ....) रहेका छन्। बालगृह संख्या र बालबालिका संख्या निम्नानुसार प्रस्तुत गरिएको छ।

## जिल्ला भित्र सञ्चालित बालगृह र बालबालिकाको विवरण

| क्र.सं. | बालगृहको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नं. | न.पा.को नाम |
|---|---|---|---|---|---|
| १ | आशा बालगृह | धापासी | स्मृति खड्का | ४३७०१६० | टोखा |
| २ | असहाय बालबालिका शिक्षा केन्द्र | धापासी ४ | सरस्वती श्रेष्ठ | ०१६२१७७९७ | टोखा |
| ३ | असहाय बालबालिका आमा केन्द्र | गोंगपु | सिता शेर्पा | ९८४१३२२३०८ | टोखा |
| ४ | असहाय बालबालिकाको सुन्दर संसार | धापासी हाईट ५ | पुष्पा घिमिरे | ९८२१५५७६६० | टोखा |
| ५ | बालबालिका स्याहार क्लब | धापासी ७ | रोज गार्डेन प्रधान | ९८५११२७६५४ | टोखा |
| ६ | बाल संरक्षण धरोहर नेपाल | धापासी ५ | बिनिता अर्याल | ९८१३८९५५६६ | टोखा |
| ७ | फेमिली स्टोफल फाउण्डेशन | बसुन्धारा | बिनोद सिंखडा | ९८५१०४६९९९ | टोखा |
| ८ | हाम्रो बाल संरक्षण घरोहर नेपाल | धापासी | बिनिता अर्याल | ९८४९२९३११२ | टोखा |
| ९ | हाम्रो बालगृह | महादेवटार ८ | बिशाल भण्डारी | ९८०८०७६४४० | टोखा |
| १० | हिमालयन फाउण्डेशन नेपाल | धापासी ५ | देवीलाल प्रसाई | ९८४१४४०२७५ | टोखा |
| ११ | नेपाल प्रेरणा समाज | मण्डिखाटार | रामहरी कार्की | ९८५१०५२००२ | टोखा |
| १२ | पवित्र समाज सेवा | धापासी ७ | दिक्षा चापागाईं | ९८५१०६००८६ | टोखा |
| १३ | पापाज हाउस | धासापी १ | प्रताप क्षेत्री | ९८१३२०४०९७ | टोखा |
| १४ | समाज विकास संस्था | धापासी ४ | मुरारीमोहन अधिकारी | ९८४३२९८५८८ | टोखा |
| १५ | स्वाभलम्बन नेपाल | गोंगबु ९ | नवराज बुढाथोकी | ९८५११०५४९२ | टोखा |
| १६ | अनाथ असहाय बाल सुधार समाज | बुढानीलकण्ठ ७ | रमेशदेब सुनार | ९८४१२७०५४६ | बूढानीलकण्ठ |
| १७ | असहाय बस्ती | पासीकोट ५ | नानु राई | ९८४१७७०३५१ | बूढानीलकण्ठ |
| १८ | एक्शेश ट्रान्जिट होम | बुढानीलकण्ठ २ | गोकुल सुवेदी | ९८४१८२९६५० | बूढानीलकण्ठ |
| १९ | आशियाना न्यू चिल्ड्रेन्स | कपन ७ | जीवन रिमाल | ९८४१५९८८५८ | बूढानीलकण्ठ |
| २० | बाल अपाङ्ग टेवा संघ | कपन १ | डेण्डी शेर्पा | ९८५१०४७७७३ | बूढानीलकण्ठ |
| २१ | भरोसा नेपाल | कपन ३ | नरेश भण्डारी | ३११४००२ | बूढानीलकण्ठ |
| २२ | बाल सुधार समाज | चपली १ | विष्णुराज उप्रेती | ९८४११६३७३५ | बूढानीलकण्ठ |
| २३ | ग्रामिण बस्ती विकास केन्द्रद्धारा संचालित अनाथ तथा सडक बालबालिका पुर्नस्थाना केन्द्र | हात्तीगौंडा ६ | मख्खन बाबु परियार | ९८४१६१०७७६ | बूढानीलकण्ठ |
| २४ | हिमालय असहाय बाल कल्याण सेवा केन्द्र | बुढानीलकण्ठ | कुलरत्न राई | ९८५१०४२२४३ | बूढानीलकण्ठ |
| २५ | हिमाली नविन समाज | बुढानीलकण्ठ ५ | धन बहादुर लामा | ९८४१४८५७६१ | बूढानीलकण्ठ |
| २६ | केटाकेटी होम (सिविनद्धारा संचालित) | कपन ३ | सुदन कुमार न्यौपाने | ९८५१०३४४२३ | बूढानीलकण्ठ |
| २७ | मानविय सरोकार केन्द्र | चपली भद्रकाली ४ | बुद्धीमान परियार | ९८४१७५९२७२ | बूढानीलकण्ठ |
| २८ | मर्निङस्टार चिल्ड्रेनस् च्यारिटी | चपली ९ | रामचन्द्र गौतम | ९८५१०५३६९१ | बूढानीलकण्ठ |
| २९ | न्यू बालगृह | हात्तीगौंडा | बिक्रम ढुंगाना | ९८४१२६६२६८ | बूढानीलकण्ठ |
| ३० | नव जीवन बालघर | कपन | गोमा दुलाल | ९८४१८६३९७५ | बूढानीलकण्ठ |
| ३१ | नेपाली गृह | खड्का भद्रकाली ३ | भुवन खत्री | ९८४९३३३०९५ | बूढानीलकण्ठ |

| क्र.सं. | बालगृहको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नं. | न.पा.को नाम |
|---|---|---|---|---|---|
| ३२ | नमस्ते हिमालय बाल विकास संस्था | कपन | सुनिता गुरुङ | ९८४९००६०१८ | बूढानीलकण्ठ |
| ३३ | नेपाल आत्महत्या एवं मानसिक स्वास्थ्य अनुसन्धान केन्द्र (नयाँ दर्ता भएको) | बुढानीलकण्ठ | प्रेम परियार | ९८४९०१८५९२ | बूढानीलकण्ठ |
| ३४ | नेपाल बाल सदन | चपली ६ | लक्ष्मी देवी तामाङ | ९८५१०४१२७९ | बूढानीलकण्ठ |
| ३५ | ओम श्री साई नेपाल बाल बिकास केन्द्र | खड्का भद्रकाली १ | बिर्ण सिं राई दनुवार | ९८०३०२९७९६ | बूढानीलकण्ठ |
| ३६ | पृथ्वीमा स्वर्ग | बुढानीलकण्ठ | मोति प्रसाद अधिकारी | ९८४१३२३७४२ | बूढानीलकण्ठ |
| ३७ | रुओन स्टार बालगृह | कपन ३ | ध्रुब प्रसाद घिमिरे | ९८५१०५९७०९ | बूढानीलकण्ठ |
| ३८ | शिक्षा अभियान नेपाल | खड्का भद्रकाली | अर्जुन कार्की | ९८५१०९१७१५, | बूढानीलकण्ठ |
| ३९ | शुभश्री बाल उद्यान | चुन्नीखेल-२ | ननिता कार्की | ९८५१०००५९५ | बूढानीलकण्ठ |
| ४० | सहारा सेवा सदन | कपन १ | कमला शाह | ९८४१३३१६८९ | बूढानीलकण्ठ |
| ४१ | शान्त र सम्वृद्ध नेपालको लागि ब्रमण्डिय सामाजिक उत्थान नेपाल (यूर्निभसल सोसियल वेलफियर नेपाल) | बुढानीलकण्ठ ५ | सपना परियार | ९८०३९९८२६९ | बूढानीलकण्ठ |
| ४२ | संयुक्त अपांग एकता आवाज केन्द्र | चपली | तिल बहादुर कार्की | ९८४१९१९७९५ | बूढानीलकण्ठ |
| ४३ | सिर्जनशिल समाज केन्द्र | बुढानीलकण्ठ ५ | रामकृष्ण परियार | ९८४७७५४०११ | बूढानीलकण्ठ |
| ४४ | सिल्सा होम | कपन ३ | संगिता श्रेष्ठ | ९८५१०४३५८९ | बूढानीलकण्ठ |
| ४५ | उत्पिडित कल्याण केन्द्र | चपली भद्रकाली ४ | सूर्य बहादुर बुढापृथि | ९८४६३१६००५ | बूढानीलकण्ठ |
| ४६ | हिमालय आनन्दीत शक्ति | टल्कु डुडेचौर | शुरेश बस्नेत | ९८५१०२६१६२ | दक्षिणकाली |
| ४७ | जीवन उत्थान | शेषनारायण | बिमायाँ तामाङ | ९८४१६९४६५८ | दक्षिणकाली |
| ४८ | आयाम नेपाल | इचङ्गुनारायण | बिद्या थापा | ९८४१४१८०६१ | नार्गाजुन |
| ४९ | बन्दी सहायता नियोग | इचङ्गुनारायण ९ | सूर्य नारायण श्रेष्ठ | ९८५१०६७४६० | नार्गाजुन |
| ५० | दया देखाउ (मर्सी नाउ) | इचङ्गुनारायण ६ | चन्द्र गुरुङ | ९८४३६९०८९ | नार्गाजुन |
| ५१ | जन उद्धार सेवा समिति | सितापाइला | रामेश्वर घिमिरे | ९८५१०७३५६० | नार्गाजुन |
| ५२ | मनाङ नेपाली बाल संस्था | इचङगु ५ | सन्दुप लामा | ९८०३३७७३२१ | नार्गाजुन |
| ५३ | नमस्ते बालबालिका नेपाल | रामकोट ९ | मधु कार्की | ९८४१६१९१२५ | नार्गाजुन |
| ५४ | नारायण सेवा आश्रम | सितापाईला १ | लक्ष्मी चौंलागाई | ९८५१०१२१६३ | नार्गाजुन |
| ५५ | ओम अपाङ्ग बालबालिका स्याहार केन्द्र | स्यूचाटार १ | रत्नकला डल्लाकोटी | ९८४९००३१३३ | नार्गाजुन |
| ५६ | सनराईज निमा चाइल्ड कियर फाउन्डेशन | ईचंगुनारायण ७ | निमा शेर्पिनी | ९८४१३६४२६५ | नार्गाजुन |
| ५७ | सहारा संस्था नेपाल | सितापाईला ३ | शंकर सापकोटा | ९८४९२०६९९२ | नार्गाजुन |
| ५८ | शान्ति बालगृह | ईचंगुनारायण ६ | अर्जुन ढुंगेल | ९८५१००१६१२ | नार्गाजुन |
| ५९ | ब्राईट होराइजन चिल्ड्रेन्स होम | मातातिर्थ | अब्दुल नईम चौधरी | ४३१२३८५ | चन्द्रागिरी |
| ६० | बाल कल्याण केन्द्र जय हाउस | मातातिर्थ ३ | सुरेन्द्र तामाङ | ९७५१०३९५९२ | चन्द्रागिरी |

| क्र. सं. | बालगृहको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नं. | न.पा.को नाम |
|---|---|---|---|---|---|
| ६१ | बाल हेल्पलाईन (सिविन) | तीनथाना | सागर भण्डारी | ९८४१८३१४२६ | चन्द्रागिरी |
| ६२ | नयाँ आमा नेपाल | नयाँ नैकाप | जुजुभाई श्रेष्ठ | ९८०३३६९०४८ | चन्द्रागिरी |
| ६३ | श्री अरबिन्द योग मन्दीर | महादेवस्थान ४ थानकोट | दुर्गा भण्डारी | ९८४१६५९८४९ | चन्द्रागिरी |
| ६४ | अरबिन्द योग मन्दिर | महादेवस्थान ४ ईटाखेल | दुर्गा भण्डारी | ९।८४२⅟०९ | चन्द्रागिरी |
| ६५ | अपाङ्ग बालबालिका महिला तथा वातावरण सरोकार(मित) नेपाल | सामाखुसी | | ९८५१०६४७९६ | कामनपा |
| ६६ | एपिसी नेपाल | का.म.न.पा. १९, रामघमट | शंकर दर्जी | ९८१८२८७२५१ | कामनपा |
| ६७ | अपाङ्ग तथा असहाय बालबालिका नवजीवन केन्द्र नेपाल | का.म.न.पा. ८ सिफल | अमृत पुडासैनी | ९८४१७६६५१३ | कामनपा |
| ६८ | आशाह आश्रम | का.म.न.पा. ३५ | राजकुमार लामा | ०९५१०३८७४८ | कामनपा |
| ६९ | एमेजिङ नमस्ते नेपाल | महारजगंज | जनार्दन प्रसाद मुडवरी | ४०१६०९७ | कामनपा |
| ७० | ऐश्वर्या बालगृह | बालुवाटार | निर्मला घिमिरे | ९८४१९३२८४६ | कामनपा |
| ७१ | अनाथ कल्याण बाटिका नेपाल | धुम्बाराही | टेकराम राई | ९८५१०५३६९१ | कामनपा |
| ७२ | एशोशियसन फर द प्रोटेक्शन अफ चिल्ड्रेन | का.म.न.पा.१९ | बुद्धशरण रंजितकार | ९८४१५१७०८५ | कामनपा |
| ७३ | एबिसी नेपाल | कोटेश्वर ३५ | निर्मला बराल | ९८५१०४६४२२ | कामनपा |
| ७४ | असहाय उत्थान केन्द्र नोपाल | कोटेश्वर ३५ | मोहन कुमार थापा | ९८१३१५०२९१ | कामनपा |
| ७५ | अपांग मुत्ती सेवा संघ | पेप्सीकोला ३५ | कल्पना राई | ९८४१७६४४७६ | कामनपा |
| ७६ | एभरेष्ट फाउण्डेशन नेपाल | सिनामंगल | गेलु शेर्पा | ९८५१०९०४७४ | कामनपा |
| ७७ | अनुग्रह भवन | मैत्पी | नगेन्द्र कुमार राई | ९८४१०७०६५९ | कामनपा |
| ७८ | वुवाको घर नेपाल | का.म.पा. ३ | बुद्धिमान श्रेष्ठ | | कामनपा |
| ७९ | बाल शिक्षा सेवा केन्द्र | ढुंगेधारा, अन्नपूर्ण | ज्योतिराज भण्डारी | ९८४९०१३२८० | कामनपा |
| ८० | बुद्धिष्ट बालगृह | जोरपाटी ५ | दुर्गा मैनाली | ९८५१०९७०५८ | कामनपा |
| ८१ | बाल बसेरा | गौशाला | नबिना गुरुङ | ४४८५४४६ | कामनपा |
| ८२ | बन्दी सहायता नेपाल | नयाँबजार | ईन्दिरा राना मगर | ९८५१०४०८३३ | कामनपा |
| ८३ | बिश्व शान्ति बिहार संरक्षण समिति | नयाँ बानेश्वर | भिच्छु बोधीज्ञान | ९८४१३७७५२९ | कामनपा |
| ८४ | बाल संरक्षण गृह | सिफल | बिमला खड्का | ९८४३२९५०२८ | कामनपा |
अस्थायी साधनको प्रयोगको लागि गेष्टहाउसबाटै तोकिएको शूल्कमा खरिद गर्नुपर्ने र उक्त साधन मेडिकलमा भन्दा धेरै महङ्गो पर्ने गरेको बालिकाहरु बताउँछन् । बालिकाहरुले आफ्नो प्रेमि/श्रीमान् संग भने अस्थायी साधनको प्रयोग विना नै यौनसम्पर्क गर्ने गरेको पाइएको छ। यौन कार्यमा संलग्न बालिकाहरुमा महिनावरीमा अनियमितता हुने, तल्लो पेट दुख्ने, योनी चिलाउने, वरपरको भाग सुन्निने, दुख्ने ,सेतो पानी बग्ने र घाउखटिरा आउने समस्या रहेको पाईएको छ। उनीहरु मेडिकल वा अस्पतालमा जान लाज मान्ने बरु दुखाई सहेर बस्न सक्ने बताँउछन्। बालबालिकाले गेष्टहाउसलाई यौनकार्यको लागि सुरक्षित स्थान रहने गरेको बताएका छन्। गेष्टहाउसमा प्रहरीको चेकिङ्ग पनि कम हुने, चेकिङ्ग हुनु अघिनै जानकारी समेत हुने गरेको र चेकिङ्ग भईहाले पनि चेकिङ्गको क्रममा प्रहरीले सोधेमा श्रीमान् श्रीमती हो भन्ने गेष्टहाउसको संचालकले सिकाउने गरेको, उमेर बढाएर भन्न लगाउने र प्रमाणको लागि भने सिन्दुर पोते सहित बालिकालाई मेकअप गरेर बस्न लगाउने गरेको पाईएको छ। ठमेल आसपासका क्षेत्रमा संचालन भएका गेष्टहाउसहरुमा भने सि.सि.टि.बि द्धारा संचालकले प्रत्यक्ष निगरानी गर्ने गरेको त्यहाँ संलग्न बालिकाहरु बताउँछन्। यस्ले उनीहरुलाई पुलिसको चेकिङ्ग बाट बचाउन मद्धत गरेको देखिन्छ।

गेष्टहाउसको मालिकले अनपेक्षित गर्व रहन गएमा आफैले गर्भपतनको लागि लिएर जाने गरेको सो पेशामा संलग्न बालिकाहरु बताँउछन्। गेष्टहाउसमा बालिकाले ग्राहक विना कोठा लिएर बास बसे बापत भने प्रति रात रु ५०० बुझाउनुपर्ने रहेछ। गेष्टहाउसमा आफूसंगै बास बस्ने साथीले आफ्नो सामानहरु चोरीदिंदा झगडा पर्ने र सामानको सुरक्षा नहुने हुँदा उनीहरु बाध्य भएर गेष्टहाउस संचालक प्रति विश्वास गर्न बाध्य भईरहेका छन्। यसो हुँदा हुँदै पनि नियमित रुपमा गेष्टहाउसमा ग्राहक लिएर आउन नसक्ने अवस्थामा भने बालिकालाई अश्लिल गाली गरी गेष्टहाउसबाट हटाइदिने गरेको पाईएको छ। बालिकाले दैनिक यौनकार्यमा संलग्न भएपश्चात आर्जित रकम गेष्टहाउसको मालिकलाई विश्वासको आधारमा राख्नदिने गरेको पाईएको छ। उनीहरु आफूलाई आवश्यक परेको बेला मालिकसंग सो पैसा माग्ने गरेको र नपुगेको अवस्थामा सापटि समेत लिने गरेको बताउँछन्। आफूले कति कमाएर राख्न दिएको छ भन्ने कुरा अन्दाजमा भन्दा बाहेक कुनै हिसाबकिताब उनीहरुसंग छैन।

यौनकार्यको लागि ग्राहक नपाएको खण्डमा भने ट्रकको सहारा लिएर बालिकाहरु मुग्लिन, नारायणघाट लगाएतको स्थानमा पुग्ने गरेका छन्। उनीहरुलाई उक्त स्थान सम्म पुऱ्याउन मद्धत गरेबापत ड्राइभर, खलासीले ट्रकमै यौन सम्पर्क गर्नेगरेका छन् । कतिपय बालिकालाई भने आफ्नै परिवारका सदस्यले कमाउनको लागि यौन कार्यनै गर्न बाध्य बनाउने गरेका पाईएको छ। बालिकाहरु सुरुमा बाध्यात्मक रुपमा

सो पेशामा संलग्न भएतापनि पछि अधिकांश बालिकाहरु आम्दानीको सरल बाटो भएको भनि स्वेच्छाले उक्त कार्यमा संलग्न भएको पाईएको छ । कतिपय बालिकाहरु भने यस पेशालाई छोडेर अन्य वैकल्पिक आयआर्जनका कार्यमा समेत संलग्न भएका छन् ।

बालिकाहरुले कलेजका विद्यार्थी, ड्राइभ ,खलासी ,ज्याला मजदुर , प्रहरी, सडक बालक, वैदेशिक रोजगार बाट फर्केका वा वैदेशिक रोजगारमा जाने अन्तिम तयारीमा पुगेका व्यक्ति, खाजाघर, रेष्टुरेण्टमा आएका ग्राहकहरु आफ्ना लागि यौनसाथी हुने गरेका बताउने गरेका छन् । उनीहरुको यौनसाथीको उमेर १३ वर्षदेखी ६५ वर्ष सम्मको पाइएको छ । बालिकाहरुले दिएको जानकारी अनुसार हाल १८ वर्षभन्दा कम उमेर समूहका धेरै बालिकाहरु सडकमा आधारित यौन व्यवसायमा संलग्न भएको पाइएको छ । ग्राहकको खोजी गर्दै नयाँ ठाउँमा जाने क्रममा पहिलेदेखिनै त्यस ठाँउमा यौन कार्यमा संलग्न महिला तथा बालिकाहरुले उनीहरुलाई दुर्व्यवहार गर्ने गरेको पाईएको छ ।

यस कार्यमा संलग्न कतिपय बालिकाको प्रेमी आफू भन्दा ठूलो उमेर समूहको यूवाहरु हुने गरेको पाईएको छ ।  उनीहरुले बालिकाको विश्वास जित्दै, विवाह गर्ने आश्वासन दिई कमाएको अधिकाशं रकम लैजाने, यौनसम्पर्कको लागि समेत प्रयोग गर्ने, आफू केही पनि काम नगर्ने र बालिकाले कमाएको धेरैभन्दा धेरै रकम लिन खोज्ने र कमाएर ल्याउन नसकेपश्चात अनेक बहाना बनाई छोड्दिने गरेको बालिकाहरु बताँउछन् । यसरी छोडिएको केही समय नबित्दै पुनः नयाँ प्रेमी बन्ने गरेको र यो प्रकृया पुनरावृत भईरहने गरेको उनीहरुको भनाई बाट स्पष्ट हुन सकिन्छ ।  कतिपय बालिका भने आफ्नो प्रेमी संग विवाह गरेर गेष्टहाउसमै छुट्टै कोठा लिएर बस्ने गरेको आफ्नो श्रीमान्ले नै ग्राहक खोजिदिने, मोलमोलाई गर्ने, ग्राहक संग बाट प्राप्त रकम लिने गरेको, विरामी हुँदा र गर्भवती हुँदा समेत ग्राहक संग बस्न बाध्य बनाउने र नमानेको अवस्थामा निर्मम तवरले कुटपिट संगै जबरजस्ती यौनसम्पर्क समेत राख्ने गरेको पाईएको छ ।

आफ्नो उमेर समूहका धेरै बालिका लगाएत महिलालाई भने हाल गेष्टहाउसको संचालकले फुल टाईम स्टाफको रुपमा भनि गेष्टहाउसको कोठा कोठामा यौनकार्यको लागि तयारी अवस्थामा राख्ने गरेको र ग्राहकको क्षमता र ईच्छा हेरेर सोही अनुसारको कोठा उपलब्ध गराउने गरेको समेत उनीहरु बताउँछन् । सडकमा मोलमलाईमा संलग्न हुँदै गरेको अवस्थामा प्रहरीले लिएर जाने क्रममा प्रहरी स्वयम्ले फोन नम्बर माग्ने, अभद्र व्यवहार समेत गर्ने गरेको कुरा समेत केही बालिकाले बताएका छन् । बालिकालाई सडक बाट सेल्टर होम सम्म प्रहरीले लग्ने क्रममा अधिकांश बालिका केही दिन नबित्दै त्यहाँ बाट भागेर पुनः सडकमा आईपुगेको पाईएको छ । उनीहरुलाई सेल्टर होम्समा सबै व्यवस्था राम्रो भएतापनि बन्धनमा बाँधिएको अनुभूति भएको हुँदा भाग्नुपरेको बताँउछन् ।

मनोरञ्जन क्षेत्रमा भर्खर प्रवेश गरेका बालिकामा भन्दा बाहेक यौन कार्यमा संलग्न अधिकांश बालिकामा आफूले गरी आएको पेशा परिवर्तन प्रति कुनै चासो नरहेको पाउन सकिन्छ । उनीहरुलाई आफूले गरिरहेको काम गलत हो भन्ने थाहा हुँदा हुँदै पनि अन्य पेशामा यसमा जति पैसा कमाउन सहज नहुने अवस्था हुँदा पेशा परिवर्तन गर्न मन नलाग्ने बताँउछन् । उनीहरु खुलेर यसो भन्छन् “काठमाण्डौंको बसपार्क, कलंकी, गोंगबु, रत्नपार्क लगाएतका खाजा घर, क्याबिन रेष्टुरा तथा गेष्टहाउसमा राम्रो नियत भएका मानिसहरु जाँदै जाँदैनन् । प्राय जसो सबै स्थानमा यौन कार्य भइरहन्छ , हामीले काम गरेको हरेक ठाँउमा देखेकाछौं ।

यसरी उनीहरु संगको निरन्तर भेटघाट एवम् संवाद पश्चात यस्तो लाग्छ यही रफ्तारमा बालिकाको संलग्नता बढ्दै गए उनीहरुको भविष्य कतातिर जान्छ ? १८ वर्ष मूनिका बालिकाको स्विकृतिमै यौनसम्पर्क

भएपनि बलात्कार मानिने कानूनी प्रावधान हुँदा हुँदै किन बाध्य बनाईदैछ आखिर बालिकाहरु यौन उपभोगको सामाग्रीको रुपमा प्रयोग हुन ?

मनोरञ्जन क्षेत्र आन्तरिक संगै बाह्य बेचविखनको लागि स्रोतको रुपमा विकास हुँदै गएको अवस्थामा सरकारी तथा गैरसरकारी निकाए बाट समेत विभिन्न प्रयत्न एवम् सुधारात्मक कार्यहरु भइरहेका छन् । तथापि यी प्रयासहरु पर्याप्त छैनन् । बालबालिकाको स्रोत जिल्लामा जनचेतनामूलक एवम् जिविकोपार्जन, आयमूलक कार्यसंग सम्बन्धित कार्यक्रमहरु व्यापक रुपमा गर्नुपर्ने आवश्यकता देखिन्छ । जस्ले बालबालिकाको असुरक्षित आप्रवासन संगसंगै सम्भावित जोखिमबाट बचाउन मद्धत गर्दछ । काम गराउने बहानामा बालबालिकाहरु यौन उपभोगका साधनको रुपमा प्रयोग भईरहेको हुँदा १८ वर्षमूनिका बालबालिकालाई मनोरञ्जन क्षेत्रमा कार्य गर्न प्रतिबन्ध लगाईनुपर्छ । मनोरञ्जन क्षेत्रलाई मर्यादित पेशाको रुपमा प्रर्वद्धन गर्न सक्ने वातावरणको सृजना गर्न मनोरञ्जन क्षेत्रका संचालकले यससंग सम्बन्धित व्यवसायलाई कानुनी रुपमा अनिवार्य दर्ताको प्रकृयामा लैजानुपर्छ र कार्यस्थलमाश्रमिकको अधिकारको सुनिश्चित गर्नुपर्छ । मनोरञ्जन क्षेत्रलाई वर्तमान समाजले हेर्ने दृष्टिकोणको चिरफार गर्न त्यहाँ हुने गरेका विकृति एवम् विसंगतीपूर्ण गतिविधिलाई रोक्ने मुख्य जिम्मेवारी भने संचालकले नै लिन सक्नुपर्छ । ती कामदार महिला तथा बालबालिकाको स्थानमा आफ्ना परिवारका सदस्यलाई राखेर हेर्न सक्ने सोंचको विकास भई सोही अनुरुपको अनुकुल वातावरण तय गर्न सकेमा र ग्राहकले पनि शोषण गर्ने मनसाय नराखे मात्रै पनि श्रमिक महिलाले सम्मानजनक तवरले आफ्नो पहिचान नलुकाई काम गर्न सक्ने वातावरण बन्न सहज हुनेछ ।

बालबालिकालाई ललाईफकाई यौन कार्यमा संलग्न गराउनु गैरकानुनी र गम्भीर अपराध समेत भएको हुँदा यस्तो कार्य गर्ने र गराउने व्यक्तिलाई कानुन बमोजिमको कार्वाही गरिनुपर्छ । त्यसको लागि त्यहाँ भईरहेका र हुन सक्ने सम्भावित जोखिमलाई न्यूनिकरण गर्न सरकारी तथा गैरसरकारी निकायबाट नियमित रुपमा प्रभावकारी अनुगमन भईरहनुपर्दछ । मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकाको संख्याको एकिन तथ्यांक नभएको हुँदा यस विषयमा खोज एवम् अनुसन्धान आवश्यक रहेको छ । मनोरञ्जन क्षेत्र आफैमा गैरकानुनी होइन तर त्यहाँ हुने गरेका यौनजन्य कार्य र बालबालिकाको बढ्दो प्रयोगको कारण यहाँ कानुनले बर्जित गरेको कार्य लुकिछिपि भईरहेको पाइएको छ । यसलाई मर्यादित एवम् सम्मानित बनाउने संकल्प हामी सबैले लिनुपर्दछ ।

# जिल्ला बालकल्याण समिति काठमाडौंबाट सम्पन्न कार्यक्रमहरु

१. **समितिको नियमित बैठक :**

राष्ट्रिय बालदिवस मनाउने तथा बालदिवसको उपलक्ष्यमा जिल्ला स्तरीय निबन्ध प्रतियोगिता तथा स्थानीय तहका सरोकारवालालाई बालअधिकार र बालमैत्री स्थानीय शासनका विषयमा अभिमुखीकरण कार्यक्रम तय गर्नेगरी जिल्ला बालकल्याण समितिको २ वटा नियमित बैठक समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री केदारनाथ शर्माको अध्यक्षतामा सम्पन्न भएका छन् ।

२. **अत्याधिक जोखिममा परेका बालबालिकालाई आपतकालीन, बालसंरक्षण तथा मानवीय संरक्षण सहयोग वितरण**

केन्द्रीय बालकल्याण समितिको सहयोगमा जिल्ला बालकल्याण समिति काठमाडौंले जिल्लामा विभिन्न कारणले परिवारबाट अलगगिएका, एक्ला र जोखिमूर्ण अवस्थामा रहेका बालबालिकाको तथ्याङ्क संकलन, व्यवस्थापन र आवश्यकता हेरी घटना व्यवस्थापन कार्य गर्ने क्रममा सहयोगको आवश्यक्ता भएका २१ जना बालबालिकालाई सातहजार नगद स्वरुप अत्याधिक जोखिममा परेका बालबालिकालाई आपतकालीन, बालसंरक्षण तथा मानवीय संरक्षण सहयोग वितरणगरिएको छ । सहयोग वितरण गरिएका बालबालिकाको विवरण यसप्रकार रहेको छ ।

३. **निबन्ध प्रतियोगिता सम्पन्नः**




राष्ट्रिय अन्तर्राष्ट्रिय बालदिवसको उपलक्ष्यमा "बालमैत्री शासन, बालअधिकारको सम्मान" शीर्षकमा दुई पटकसम्म निबन्ध प्रतियोगिता आयोजना गरी पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरियो ।

४. ४ (३ बालक र १ बालिका) जना बालबालिकालाई पारिवारिक संरक्षकत्व प्रदान बालबालिका नभएको परिवारले संरक्षकत्वमा लिन दिएको निवेदनका र अन्य आवश्यकीय दस्तावेजका आधारमा प्रदान गरिएको, अर्को एक जना बालिका आफै ११ वर्षको उमेरमा जन्माएकी बालिकाले आफू उक्त बच्चा राख्न र रेखदेख गर्न नसक्ने भएका कारण अन्य बच्चा नभएको र नहुने प्रमाणित भएको परिवारलाई संरक्षकत्वमा प्रदान गरिएको छ भने अन्य दुईजना बालकलाई आफ्नै आफन्तले संरक्षकत्वमा लिएका छन् ।

५. **जि.बा.क.स.बाट संकलित तथ्याङ्क सबै स्थानीय नगरपालिकामा हस्तान्तरण**

२०७२ सालको विनाशकारी भूकम्प पश्चात अति प्रभावित १४ जिल्लामा केन्द्रीय बालकल्याण समितिको मार्गदर्शनमा जि.बा.क.स.ले जिल्ला भित्र रहेको एक्लिएका, परिवारबाट विछोडिएका र जोखिममा परेका बालबालिकाको तथ्याङ्क संकलन, व्यवस्थापन र आवश्यकता अनुसार सहयोग वितरण गर्ने, अन्य जोखिममा रहेका बालबालिकाको उद्दार गरी आवश्यकीय व्यवस्थापन गर्ने काम गरिएको थियो उक्त सम्पूर्ण तथ्याङ्क नगरपालिकालाई हस्तान्तरण गरियो ।

६. **बालअधिकार सम्बन्धी स्थानीय सरोकारवालालाई अभिमुखीकरण कार्यक्रम**

राष्ट्रिय बालदिवसको अवसरमा काठमाडौं जिल्लाभित्रका १ महानगरपालिका र १० वटा नै नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यकारी अधिकृत र नगरपालिकाका प्रतिनिधि तथा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख लगायत प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, महिला बालबालिका कार्यालयका कर्मचारी, जिल्ला बालकल्याण समितिका सदस्यहरुको उपस्थितिमा काठमाडौं जिल्ला जिल्ला बालकल्याण

समितिले गरिरहेका गतिविधिको छोटकरी विवरण तथा काठमाडौं जिल्ला बालबालिकाको अवस्था कस्तो रहेको छ भन्ने विषयमा के.बा.क.स.का कार्यकारी निर्देशक तारक धितालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । साथै बालअधिकारका विषयमा जिल्लामा रहेका सावका विषयमा छलफल समेत गरिएको थियो ।

७. नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यकारी अधिकृत, महिला बालबालिका कार्यालयको प्रतिनिधि, जि.स.स. प्रतिनिधि, निर्वाचित वडा अध्यक्ष तथा अन्य प्रतिनिधिहरु, बालअधिकारका क्षेत्रका कार्यरत संघसंस्थाका प्रतिनिधिहरु, पत्रकारहरु लगायत जिल्ला बालकल्याण समिति र केन्द्रीय बालकल्याण समितिका पदाधिकारीले बालअधिकार, बालसहभागितामा आधारित कार्ययोजना निर्माण र बालमैत्री शासनका विषयमा अभिमुखीकरण गर्ने कार्य शंखरापुर नगरपालिकामा सम्पन गरियो ।

**८. १ जना बालकको स्वास्थ्य उपचारका लागि पहल**

ब्रेन ट्युमर भएको बालक तथा आर्थिक अभावका कारण उपचार गराउन नसकेको अवस्थामा विभिन्न संघसंस्था र सरकारी निकायको पहलमा उपचार गराउन पहल गरिएको ।

**९. ३६ वटा बालगृह भ्रमण, अवलोकन गरी सिफारिस प्रदान**

यस आर्थिक वर्ष सुरुभए यता ५७ वटा बालगृहको जिल्ला स्तरीय बालगृह अनुगमन समिति अन्तर्गत अनुगमन भ्रमण गरी आवासीय बालगृहहरुको संचालन तथा व्यवस्थानि सम्बन्धी मापदण्ड बमोजिम अवस्था बुझी नविकरणका लागि सिफारिस प्रदान गरिएको छ ।

१०. जिल्ला बालकल्याण समितिको नेतृत्व र उपस्थितिमा यस आर्थिक वर्षमा जम्मा १५ जना (१३ बालिका र २ बालक) उद्दार गरी आवश्यकताको पहिचान गरी उचित व्यवस्थापन समेत गरिएको छ ।

११. २५ बुवाआमाको संरक्षणमा नरहेका अनाथ बालबालिकाको अवस्थाको अवलोकन र आवश्वयकता अनुसार सहयोग वितरण गर्ने कार्य गरियो ।

**११. घटना व्यवस्थापन तालिम संचालन**




केन्द्रीय बालकल्याण समितिको सहयोग तथा जिल्ला बालकल्याण समिति काठमाडौं आयोजनामा जिल्ला स्तरका सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्न मिति २०७४।११।१३ गते देखी २०७४।११।१५ गते सम्म ३ दिने घटना व्यवस्थापन सम्बन्धी तालिमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा जिल्ला बालकल्याण समिति र महिला तथा बालबालिका कार्यालयबाट हालसम्म गरिएको बालबालिकाको घटना व्यवस्थापन कार्यलाई अब आगामी दिनमा स्थानीय तहहरुले गर्नुपर्ने कानुनी दायित्व रहेकाले स्थानीय तहका कर्मचारीहरुलाई यस सम्बन्धमा प्राविधिक सीपहरु हस्तान्तरण तथा छलफल गराईएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी केदारनाथ शर्मा, बालअधिकार श्रोतव्यक्ति रवि गौतम, बालकल्याण अधिकारी र केन्द्रीय बालकल्याण समितिका कार्यक्रम व्यवस्थापकबाट सहजिकरण गरिएको थियो। कार्यक्रममा काठमाडौका विभिन्न नगरपालिका र गैससबाट ३० जनाको सहभागिता रहेको थियो ।

## खण्ड ग

# स्थानीय तहका लागि बालअधिकारमा आधारित योजना तर्जुमा

विश्वमा जन-केन्द्रित वा जन-सहभागितामूलक विकास प्रक्रियाको शुरुवात सन् १९८० को दशकबाट भएको देखिन्छ। नेपालले भने आठौं योजनाबाट जनसहभागितामूलक योजना तथा विकास प्रक्रियाको अवलम्वन गरेको थियो। सन् १९९० को मध्ये दशकमा आइपुग्दा नेपाल सरकारले योजनामा बालबालिकाका विषयहरुलाई समाविष्ट गर्न तथा बालअधिकारको सम्वर्द्धन तथा प्रवर्धन गर्न कानुनी, नीतिगत, संस्थागत प्रावधान तथा समन्वय, सहकार्यका लागि मार्गहरु प्रशस्त गरिसकेको थियो। यस अन्तर्गत बालकेन्द्रित सामुदायिक विकासको अवधारणा स्थापित भएपश्चात बालबालिका लक्षित विकास प्रक्रियाका हरेक चरणहरुमा बालबालिकाको सहभागितालाई अनिवार्य शर्तको रुपमा स्वीकारिएको छ। बालबालिका लक्षित विकास कार्यका हरेक चरणहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता सूनिश्चित गर्दै बालअधिकारको सम्मान, पालना तथा परिपुर्तिको प्रत्याभूतिका लागि परिवार, समुदाय, अनि राज्य बालबालिकाप्रति संवेदनशील हुनुपर्दछ। यसका लागि योजना प्रक्रिया बालअधिकारमा आधारित हुनु आवश्यक छ भने बालबालिकाको लागि समय, स्रोत तथा सोचको यथोचित लगानी पनि हुनुपर्दछ। यसै मान्यताका साथ केन्द्रीय बालकल्याण समितिले नमुना कार्यक्रमका रुपमा २०६४ सालबाट नै विभिन्न तहमा जनसहभागिताका साथ सूचांकहरु तयार गरी बालमैत्री गाविस निर्माणको थालनी गरेको थियो। यस अवधारणाले अझ व्यापकता पाउने गरी नेपाल सरकारबाट बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ जारी भई मूलप्रवाहीकरण भएको छ जसले योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताको सूनिश्चित गर्दछ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले लिएको नयाँ नीति अनुसार बालबालिकाको योजना छनौट गर्नु पूर्व बालबालिकाको बालभेला गराई उनीहरुबाट आएका योजनाहरुको प्राथमिकता सहित वडागत रुपमा सम्बन्धित वडाहरुले प्राथमिकता सहित गा.वि.स.मा पेश गर्नुपर्ने प्रावधान भए पनि बालबालिकासंग मात्र छलफल गरी योजना तयार गर्दा अधिकार माग गर्ने पक्षको मात्र संलग्नतामा योजना बन्ने हुँदा गाविसका सवै सरोकारवाला पक्ष र बालअधिकार प्रत्याभूत गर्ने वर्गको समेत संलग्नतामा सहभागितामूलक योजना बन्ने संभावना कम हुन्छ। यसै पृष्ठभूमिमा स्थानीयस्तरमा रहेका बालबालिकाका समस्याहरुको बालअधिकारको दृष्टिकोणबाट पहिचान, विश्लेषण गर्दै बालबालिकासँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहभागितामा उपयुक्त योजना तर्जुमा गर्नका लागि स्थानीय निकायलाई सहयोग पुगोस् भन्ने अभिप्रायका साथ केन्द्रीय बालकल्याण समितिले केही जिल्लाहरुमा नमुना परिक्षण समेत गरी बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा सहयोगी पुस्तिका तयार पारेको छ। उक्त पुस्तककै आधारमा बालअधिकार स्रोतव्यक्तिहरुको सक्रियतामा हालसम्म २६ वटा जिल्लामा जिल्लास्तरीय तथा १५ वटा जिल्लाका १५० वटा गाविस तथा नगरपालिकाका स्थानीय निकाय प्रमुख तथा सरोकारवालाहरुलाई सोसम्बन्धी अभिमूखीकरण कार्यक्रम सम्पन्न भइसकेको छ भने केही गाविसमा प्रत्यक्ष सहजीकरण समेत भएको छ।

बालबालिका लक्षित कुनै पनि योजना, परियोजना तथा कार्यक्रम त्यतिवेला मात्र बालअधिकारमा आधारित हुन्छ जतिवेला त्यसले बालबालिकाको उच्चतम हीतलाई ध्यानमा राख्दै बिना भेदभाव बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको हुन्छ। साथै, उक्त योजना, परियोजना तथा कार्यक्रमबाट प्रवाह हुने सेवा तथा सेवा प्रवाहमा अपनाइने अभ्यासहरु पनि बालमैत्री हुनुपर्दछ र बालबालिकालगायत सम्बन्धित सरोकारवालाहरुलाई समेत सकारात्मक सुसूचित गर्दै क्षमता अभिबृद्धि गर्नसमेत योगदान पुर्‍याउन सक्ने खालको हुनुपर्दछ।

बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा प्रक्रिया भन्नाले बालबालिकासँग सम्बन्धित वास्तविक सवाल तथा समस्याहरू (बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागितासंग सम्बन्धित) बालबालिकाका साथसाथै महिला, पुरुष, शिक्षक, नागरिक समाज, स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय संघसंस्थासँग छुट्टाछुट्टै छलफल गरी पहिचान गर्ने, सवालहरूको प्राथमिकीकरण गर्ने र कारण तथा प्रभाव वृक्ष निर्माण गर्दै योजना तर्जुमा गर्नेसम्मको समग्र प्रक्रियालाई जनाउँदछ । बालबालिकासँग सम्बन्धित समस्या तथा सवालहरूको पहिचान र यसको समाधानको लागि योजना तर्जुमा गर्न उनीहरूको सहभागिता नित्तान्त जरुरी छ । तर, जानेर, नजानेर, वास्ता नगरेर वा थाहा नपाएर बालबालिकाका अधिकार हनन गर्ने वर्गहरूको सहभागिता झनै आवश्यक हुन्छ । साथै, बालबालिकाका सवालमाथि कार्यरत सम्पूर्ण वर्गको सहभागिताको पनि जरुरी हुन्छ । बालबालिकाका समस्या तथा सवालहरू के हुन्, तिनका कारणहरू के-के हुन्, त्यसले बालबालिकाको जीवनमा, उनीहरूको परिवारमा र सिङ्गो समुदायमा के-कस्तो प्रभाव पारेको छ र उक्त समस्या समाधानको लागि के-कस्ता क्रियाकलापहरू गर्नु आवश्यक छ भन्ने प्रश्नमाथि सबै सरोकारवालाबीच गहन छलफल गरी योजना बनाइने हुँदा त्यसको प्रभावकारीता निश्चय नै बढी हुन्छ । साथै स्थानीय सवालहरुमा आधारित भएर योजना बनाइने हुँदा यो दीगो पनि हुन्छ ।

बालबालिकासंग मात्र छलफल गरी योजना तयार गर्दा अधिकार माग गर्ने पक्षको मात्र संलग्नतामा योजना बन्न सक्दछ । तर, यस विधिबाट योजना तर्जुमा गर्दा स्थानीय निकायका सवै सरोकारवाला पक्ष र बालअधिकार प्रत्याभूत गर्ने वर्गको समेत संलग्नतामा सहभागितामूलक योजना बन्ने भएकोले योजनाको अपनत्व हुने र कार्यान्वयमा समेत सहजता आउने भई बालअधिकार संरक्षण तथा प्रर्वद्धनमा सहयोग पुग्छ । यो प्रक्रिया टोल, वडा, वस्ती, गाविस तथा इलाकास्तरको हरेक योजना तर्जुमामा प्रयोग गर्न सकिन्छ । विशेषगरी टोलदेखि इलाकास्तरसम्म बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा गर्दा बालबालिकाहरू, अभिभावकहरू, शिक्षक तथा वुद्धिजीवि वर्ग, स्थानीय प्रहरी, समुदायमा स्थापना भएका विभिन्न समूह (जस्तो : वचत समूह, आमा समूह), समिति र सामाजिक संस्थाका प्रतिनिधिहरू, स्थानीय निकायमा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, स्थानीय निकायका सम्पूर्ण प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरू, बालमैत्री स्थानीय शासन गाउँ समितिका प्रतिनिधिहरू एवम् वडा नागरिक मञ्चका प्रतिनिधिहरू सहभागी हुन सक्दछन् ।

यो प्रक्रिया ५ चरणमा सम्पन्न गर्न सकिन्छ । सहभागीहरुबीच परिचय भएपश्चात योजना तर्जुमाको उद्देश्यमाथि प्रकाश पारिन्छ । तत्पश्चात बालबालिकाको अवस्था विश्लेषण (बालबालिकाको शिक्षा, स्वास्थ्य, विकास र सहभागिताबारेको उपलब्ध तथ्यांक प्रस्तुती) गरी उपस्थित सहभागीहरुलाई विभिन्न समूह (बालबालिका, शिक्षक, राजनीतिक दल, आमा/महिला समूह, संघसंस्था, वडा नागरिक मञ्च, सामाजिक कार्यकर्ता आदि) मा विभाजन गरी बालबालिकासंग सम्बन्धित स्थानीय सवालहरुको पहिचान तथा प्राथमिकीकरण गरिन्छ । यसका लागि छलफल तथा चित्रात्मक दुवै विधिको प्रयोग गर्न सकिन्छ । बालबालिकाहरूको समूहमा भने छलफल विधि उपयुक्त नहुन सक्छ । यस्तो अवस्थामा चित्रात्मक विधिको प्रयोग गरी आफ्नो वडा/तहका 'राम्रो लागेका कुराहरू' र 'मन नपरेका कुराहरू' लाई चित्रमार्फत प्रस्तुत गर्न सकिन्छ । पहिचान गरिएका सवालहरुलाई छलफल विधि, मतदान(भोटिङ्ग) विधि तथा अंकानुगत स्तरीकरण विधिको प्रयोग मार्फत प्राथमिकीकरण गर्न सकिन्छ । साथै, बालबालिकासंग सम्बन्धित प्रत्येक सवालका कारणहरु, यसले बालबालिका, परिवार र समुदायलाई पारेको प्रभाव बुझ्न 'वृक्ष चित्र विधि' (वा कारण तथा प्रभाव चित्र विधि)को प्रयोगमार्फत छलफलसमेत चलाउन सकिन्छ । त्यसपछि बालबालिकाका सवालहरूको समाधानको लागि सञ्चालन गर्नुपर्ने क्रियाकलापहरूबारे छलफल गरी त्यसको सूची तयार गर्ने र त्यसैको आधारमा विस्तृत योजना तर्जुमा गर्नुपर्ने हुन्छ । र, अन्त्यमा योजनाको बालअधिकारको दृष्टिकोणबाट पुन समिक्षा गरिन्छ ।

# घटना व्यवस्थापन प्रक्रिया

**(बालबालिकाको संरक्षणका लागि तत्काल उचित सम्बोधन)**

## घटना व्यवस्थापन भनेको के हो ?

कुनै पनि प्राकृतिक र मानव सिर्जित विविध घटनाहरु तथा विपद्बाट हुने हानि र जोखिमबाट सबैभन्दा बढी बालबालिका प्रभावित हुन्छन् । त्यस्ता विपद्मा बालबालिकाको संरक्षण सबै वयस्कहरुको कर्तव्य तथा दायित्व हो । विविध कारणबाट कठीन अवस्थामा परेका बालबालिकाको संरक्षणसंग सम्बन्धित विषयहरुको बेलैमा उचित सम्बोधन हुनु नितान्त आवश्यक छ ।


घटना व्यवस्थापन भनेको जोखिममा परेका तथा सहयोगको आवश्यकता भएका बालबालिका/परिवारको पहिचान पश्चात उनीहरुलाई आवश्यक सहयोग तथा सेवा प्रत्यक्ष रुपमा नै उपलब्ध गराउने वा अन्य उचित निकायमा सिफारिस गरी सोबाट सेवा पूर्ण रुपमा प्राप्त गराउने प्रक्रिया हो । यस प्रक्रियाले समन्वय, सहकार्य तथा अभिलेखीकरण समेतलाई जनाउँछ । यस प्रक्रियाले बालबालिकासंग सम्बन्धित विभिन्न समस्याहरुलाई सम्बोधन गर्ने क्रममा कुन कुन निकायले के के प्रक्रियाहरु पुरा गर्नुपर्छ भन्ने विषयलाई स्पष्ट पार्न सघाउ पुऱ्याउँछ । घटना व्यवस्थापन भनेको बालसंरक्षणलाई सम्बोधन गर्ने पहिलो तथा अत्यन्तै महत्वपूर्ण प्रक्रिया मात्रै नभइ बालबालिकालाई भोली हुनसक्ने संभावित जोखिमबाट संरक्षित गर्नु पनि हो । यसले बालसंरक्षणसंग सम्बन्धित सबै सरोकारवालाहरुको क्षमतामा अभिबृद्धि गर्दै व्यवस्थित, उत्तरदायी र समन्वयात्मक प्रणालीको स्थापनामा समेत सघाउ पुऱ्याउँछ । घटना व्यवस्थापन कुनै पनि बालसंरक्षण प्रणालीभित्रको अत्यावश्यक कार्य भएकाले यसले बालबालिका विरुद्ध हुने दुर्व्यवहार, हिंसा, शोषण र अपहेलनालाई तत्काल सम्बोधन गर्नमा योगदान पुऱ्याउँछ ।

## घटना व्यवस्थापन किन ?


- बालबालिकाको समस्यालाई सरल तरिकाले र बालअधिकार सम्मत ढंगले सम्बोधन गर्न ।
- जोखिममा परेका बालबालिकालाई सहयोग गर्दै उनीहरुलाई पहिलेकै सामान्य अवस्थामा पुऱ्याई बालअधिकारको पूर्णरुपमा प्रत्याभूत गराउन ।
- बालबालिका तथा उनीहरुको परिवारमा आत्मविश्वास बढाई दक्ष मानव संसाधन तथा मानव पुँजीको निर्माणमा टेवा पुऱ्याउन ।
- बालसंरक्षण सम्बन्धी नीति र व्यवहारबीचको फरकलाई न्यूनीकरण गर्न ।

## घटना व्यवस्थापनको आवश्यकता कहिले पर्छ ?

संरक्षण तथा सहयोगको आवश्यकतामा परेका तथा जोखिममा रहेका बालबालिका तथा परिवारको पहिचान भएपछि बालबालिकामाथि रहेको जोखिम तथा समस्याको उचित सम्बोधनका लागि घटना व्यवस्थापनको आवश्यकता पर्छ ।




## घटना व्यवस्थापन कार्य प्रवाह



**घटना व्यवस्थापनमा जिम्मेवार निकायको रुपमा रहेका गाउँपालिका, महा/उपमहा/नगर पालिका, जिल्ला बालकल्याण समिति, बालकल्याण अधिकारी, बालअधिकार श्रोतव्यक्तिको भूमिका**

- समग्र घटना व्यवस्थापन प्रक्रियाको नेतृत्व गर्ने
- समन्वय बैठक नियमित रुपमा बोलाउने
- स्थानीय सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने
- प्रशिक्षक प्रशिक्षण र सेवा सम्बन्धी नक्सांकन बिषयमा कार्यशाला आयोजना गर्ने
- सेवा प्रदायकहरु (संस्थाहरु-सरकारी, निजी, गैसस, सामुदायिक) को सूचि तयार गर्ने र स्थापित छनौट मापदण्डको आधारमा एक वा बढी प्राथमिक सेवा प्रदायकको छनौट गरी निर्धारित भूमिकामा निरन्तर क्रियाशिल गराउने
- बालकल्याण अधिकारी/जिल्ला बालकल्याण समिति र प्राथमिक सेवा प्रदायक बीच दुई पक्षीय सम्झौता गर्ने ।
- घटना व्यवस्थापन कार्य प्रवाहमा तोकिएको भुमिका निर्वाह गर्ने
- सेवा प्रदायकको कार्यको नियमित अनुगमन र उनीहरुलाई सहयोग र सुझाव दिने
- घटनाको अभिलेखीकरण र संग्रहकर्ताको भूमिका निर्वाह गर्ने
- घटनाको उचित सम्बोधन भएको सुनिश्चित गर्ने

## बालबालिका र परिवारलाई आवश्यक विभिन्न सेवा तथा सहयोग

घटनाको प्रकृति अनुसार अल्पकालीन तथा दीर्घकालीनरुपमा बालबालिकालाई देहायका सहयोग तथा सेवाहरूको आवश्यकता पर्न सक्दछ जुन प्राथमिक सेवा प्रदायक संस्था तथा निकायहरु मार्फत प्रवाह गरिन्छ ।

- आपतकालीन सेवा
- मनोसामाजिक सेवा/मनोविमर्श
- वैकल्पिक स्याहार वा अभिभावक स्याहार सेवाहरू
- शैक्षिक सेवा
- कानुनी सेवा
- पारिवारिक सहयोग सेवा
- जीविकोपार्जन/आर्थिक सेवा
- स्वास्थ्य सेवा

**नेपाल सरकार**
**महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक ललितपुर
फोन नः ९७७-१-५०१००४५/५०१००४६
फ्याक्सः ९७७-१-५५२७५९१
वेबसाइटः www.ccwb.gov.np
इमेलः contact@ccwb.gov.np, crmccwb@gmail.com

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा
# बालबालिकासँग प्रत्यक्ष सम्बन्धित रहेका केही प्रावधानहरु

संघीय संरचनानुरूप स्थानीय सरकारको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ । बालबालिका समाजका एक महत्वपूर्ण र संवेदनशील समूह हुन् । हरेक योजना निर्माणको तहदेखि स्रोत विनियोजनर कार्यान्वयनको तहसम्म बालबालिकाको विषयलाई प्राथमिकता दिनुपर्दछ । संविधानमा उल्लेखित बालबालिकाको मौलिक हक अधिकारको कार्यान्वयन गर्ने एक प्रमुख जिम्मेवारी स्थानीय सरकारको हो । स्थानीयसरकारको भूमिकाका बारेमा हालै जारी स्थानीयसरकार सञ्चालन ऐन, २०७४ मा विभिन्न प्रावधानहरू उल्लेख भएका छन् । अन्य व्यक्ति सरह बालबालिकाको लागि पनि ती प्रावधानहरू आकर्षित हुन्छन् । विशेषतः उक्त ऐनमाबालबालिकासँग प्रत्यक्ष सम्बन्धित प्रावधानहरू निम्नानुसार रहेका छन् । यी व्यवस्था लगायत संविधान र अन्य ऐनहरू, अन्तर्राष्ट्रिय मान्यता र दस्तावेजहरूले बालबालिकासम्बन्धी गरेको व्यवस्थाहरूलाई कार्यान्वयन गर्न स्थानीय सरकारसँग सबैले समन्वय, सहकार्य गर्नु पर्दछ । स्थानीयसरकार सञ्चालनऐनमा भएका बालबालिका सम्बन्धी व्यवस्थाहरूलाई बालअधिकारका चार समुहमा राखेर प्रस्तुत गरिएकोछ ।

**१. बाल बचाउ**

**क. गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारत**

| दफा | प्रावधान |
|---|---|
| ११(२)(झ) (आधारभूत स्वास्थ्य र सरसफाई | (१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,<br>(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन, |
| | (११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,<br>(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन । |

**ख. वडा समितिको काम, कर्तव्य र अधिकार**

| दफा | प्रावधान |
|---|---|
| १२(२)(ग) (विकास कार्य) | (५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,<br>(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने, |

## २. बाल संरक्षण

### क. गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार

| दफा | प्रावधान |
|---|---|
| ११(२)(च)<br>(स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन) | (२) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन |
| ११(२)(त)<br>(जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन) | (५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन, |

### ख. संघ तथा प्रदेश कानूनको अधीनमा रही गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार

| दफा | प्रावधान |
|---|---|
| ११(४)(६)<br>(व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क) | (१) व्यक्तिगत घटना (जन्म,मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता |

### ग. वडा समितिको काम, कर्तव्य र अधिकार

| दफा | प्रावधान |
|---|---|
| १२(२)(ग)<br>(विकास कार्य) | (३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, |
| | (३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने, |
| १२(२)(ङ)<br>(सिफारिस तथा प्रमाणित गर्ने) | (१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने, |
| | (३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने, |

### घ. न्यायिक कार्य

| दफा | प्रावधान |
|---|---|
| ४७ (न्यायिक समितिको अधिकारक्षेत्र) | (१) न्यायिक समितिलाई देहायका विवादको निरूपण गर्ने अधिकार हुनेछ<br>(५) नाबालक छोरा छोरी ... लाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको |

| | |
|---|---|
| ४९<br>(न्याय सम्पादनको प्रक्रिया) | (८) ... न्यायिक समितिले अधिकारक्षेत्र प्रयोग गर्दा पति पत्नी बिचको वा जेष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्नेछ :<br>(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,<br>(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,<br>(ग) पीडितलाई अलग रूपमा बसोबासको प्रबन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,<br>(घ) पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन,<br>(ङ) पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउन । |

## ३. बाल विकास

### क. गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार

| दफा | प्रावधान |
|---|---|
| ११(२)(ज)<br>(आधारभूत र माध्यमिक शिक्षा) | (१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,<br>(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,<br>(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,<br>(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,<br>(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,<br>(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,<br>(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,<br>(८) विद्यालयको नामाकरण,<br>(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,<br>(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण, |

| | |
|---|---|
| | (११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,<br>(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,<br>(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,<br>(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,<br>(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,<br>(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,<br>(१७) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,<br>(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,<br>(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,<br>(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,<br>(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,<br>(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता बिकास,<br>(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन । |

## ख. वडा समितिको काम, कर्तव्य र अधिकार

| दफा | प्रावधान |
|---|---|
| १२(२)(ग)<br>(विकास कार्य) | (१) बाल उद्यानको व्यवस्था गर्ने,<br>(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,<br>(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने, |
| | (१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,<br>(२०) अन्तरविद्यालय तथा क्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने, |
| | (२९) वडालाई बालमैत्री बनाउने,<br>(३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने |
| | (४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने, |

| | |
|---|---|
| १२(२)(ङ) (सिफारिस तथा प्रमाणित गर्ने) | (२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने, |
| | (२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने, |
| | (३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने, |

## ४. बाल सहभागिता

| दफा | प्रावधान |
|---|---|
| २४ (योजना बनाई कार्यान्वयन गर्ने) | (२) ... योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी ... बालमैत्री ... जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ । |
| | (३) ... योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछ ।<br>(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, |
| | (५) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा ... .. बालिका ... लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्नेछ । |

**सन्दर्भ सामग्री**


- राष्ट्रिय जनगणना-२०६८, केन्द्रीय तथ्याङ्क विभाग
- केन्द्रीय बालकल्याण समितिका प्रकाशनहरु
- जिल्ला बालकल्याण समिति, बालअधिकार सूचकांक-२०७३
- वर्षा लुइँटेल, बालिकाको निम्ति असुरक्षित बन्दै काठमाडौं शहर

# नेपालको संविधान र बालअधिकार

**धारा ३९. बालबालिकाको हक**

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबाालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।